# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# सुनवर्षी नगरपालिका
# मोरङ




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय**
**प्रदेश नं. १ र २**

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या :२०७६/७७
च.नं. ६२४

मितिः २०७७/३/२६

श्री अध्यक्षज्यू,
सुनवर्षी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ५०७

मिति: २०७७।३।२४

श्री प्रमुखज्यू,
सुनवर्षी नगरपालिका,
डाईनिया, मोरङ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले सुनवर्षी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ३ करोड ५१ लाख ४८ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७७ लाख ८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड २१ लाख २० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३५ लाख १५ हजार र पेश्की बाँकी रु. १८ लाख ५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना बत्तिस (३२) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वनगरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीयप्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( विन्दु विष्ट )
नायव महालेखापरीक्षक

**सुनवर्षी नगपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो नगरपालिका अन्तर्गत ९ वडा, ५० नगर सभा सदस्य, १०६.४ वर्ग कि.मी.क्षेत्रफल र ५०७५८ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५/७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | विवरण | रकम | जम्मा | सि.न. | विवरण | रकम | जम्मा |
| १ | **अल्या** | | **५५००९९२४** | १ | चालुखर्चनगरपालिका | ११५७९६७०.०० | **४८१२८६५९.३१** |
| | सँचितकोषखाता | ४९११२२५०.१८ | | २ | पुँजिगतखर्चनगरपालिका | ३६५४८९८९.३१ | |
| | धरौटीतर्फ | २७४११४.६९ | | | | | |
| | वातावरणविकासकोष | ० | | ३ | **संघियशसर्तअनुदानखर्च** | | **१२७४२९९३८.५०** |
| | मर्मतसम्भारकोष | २१३३९६६.०० | | | चालुखर्चतर्फ | १२१७०६००५.५० | |
| | कर्मचारीकल्याणकोष | ०.०० | | | पुजिगतखर्चतर्फ | ५७२३९३३.०० | |
| | विपदव्यवस्थापनकोष | ३४८९५९३.०० | | ४ | धरौटीफिर्ता | ४९९००० | **४७३२६९२.०७** |
| २ | **सँघीयअनुदान** | | **२७८२३१४५५** | | मर्मतसम्भारकोष | १०८८६४६.०७ | |
| | बित्तीयसमानीकरण | १४७६००००० .०० | | | विपदव्यवस्थापनकोष | ३१४५०४६.०० | |
| | शसर्तअनुदान | १३०६३१४५४.५० | | | | | |
| ३ | **अन्तरसरकारीअख्तीयारी** | | **८३९८५५०१** | ५ | **अन्तरसरकारीअख्तियारीतर्फ** | | **८३९८५५०१** |
| | जेष्ठनागरीकदीर्घसेवासम्मानरसामाजिकसुरक्षा | ६५९०१६००.०० | | | जेष्ठनागरीकदीर्घसेवासम्मानरसामाजिकसुरक्षा | ६५९०१६००.०० | |
| | प्रदेशतथास्थानीयतहक्षमताविकास कार्य्रकम | ३०५०००.०० | | | प्रदेशतथास्थानीयतहक्षमताविकासकार्य्रकम | ३०५०००.०० | |
| | प्रधानमन्त्रीरोजगारकार्यक्रम | ३२१७०३१.७५ | | | प्रधानमन्त्रीरोजगारकार्यक्रम | ३२१७०३१.७५ | |
| | झोलुङ्गेपुलक्षेत्रगतविकासकार्यक्रम | २१९२२९४.६० | | | झोलुङ्गेपुलक्षेत्रगतविकासकार्यक्रम | २१९२२९४.६० | |
| | राष्ट्रपतिचुरेतराईमधेशसंरक्षणविकासकार्याक्रम | ५१७८२३४.०० | | | राष्ट्रपतिचुरेतराईमधेशसंरक्षणविकासकार्याक्रम | ५१७८२३४.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीयपुर्वाधारविकाससाझेदारी कार्य्रक्रम | ७१९१३४१.०० | | | स्थानीयपुर्वाधार विकाससाझेदारी कार्य्रक्रम | ७१९१३४१.०० | |
| ४ | **प्रदेशसरकारअनुदान** | | **२९३९९०००** | ६ | **प्रदेशसरकारअनुदान** | | **२३४९७७१७** |
| | बित्तीयसमानीकरण | ३९९९०००.०० | | | बित्तीयसमानीकरणतर्फ | १६४४०५९.०० | |
| | प्रदेशशर्सतअनुदान | १३००००००.०० | | | प्रदेशनिर्वाचनक्षेत्रपुर्वाधारकार्यक्रम | ११०१५८४५.०० | |
| | प्रदेशनिर्वाचनक्षेत्रपुर्वाधारकार्यक्रम | १२४०००००.०० | | | प्रदेशशर्सतअनुदान | १०८३७८१३.०० | |
| ५ | **सडकबोर्ड** | ४५१२४१८.०० | **४५१२४१८** | ७ | सडकबोर्डनेपाल | ४५१२४१८.०० | **४५१२४१८** |
| ६ | **आन्तरीकआय** | १६६३१२१९.८६ | **१६६३१२२०** | ८ | **राजश्वबाँडफाँड खर्चप्रदेश** | ०.०० | **०.००** |
| ७ | **प्रदेशराजश्वबाँडफाँड** | ३९६३८१३.६० | **३९६३८१४** | ९ | **राजश्वबाँडफाँड खर्चसँघ** | ५६१०२५२५.०० | ५६१०२५२५ |
| ८ | **सँघीयराजश्वबाँडफाँड** | ७५३१७३६०.१५ | **७५३१७३६०** | १० | **आन्तरीकश्रोत खर्च** | ६१५४०१४६.०७ | ६१५४०१४६.०७ |
| ९ | **कक्षा८परीक्षासञ्चालन** | ०.०० | ०.०० | ११ | **मौज्दात** | | |
| १० | **युनिसेफबाटप्राप्त** | ०.०० | ०.०० | | धरौटीमौज्दात | १७१७४३९.३९ | ६६९५३२२.७३ |
| ११ | **अन्यकोषकोचालुआवकोआम्दानी** | | **५५३०३४१** | | वातावरणकोष मौज्दात | २०००००.०० | |
| | धरौटीतर्फ | १९४२३२४.७ | | | मर्मतसम्भारकोषमौज्दात | २५६८३३६.३४ | |
| | वातावरणविकासकोष | २००००० | | | कर्मचारीकल्याणकोषमौज्दात | १००००००.०० | |
| | मर्मतसम्भारकोष | १५२३०१६.४१ | | | विपदव्यवस्थापनकोषमौज्दात | १२०९५४७.०० | |
| | कर्मचारीकल्याणकोष | १०००००० | | १२ | **श्रेस्ताअनुसार जम्माखर्च** | | ४१६६२४९२० |
| | विपदव्यवस्थापनकोष | ८६५००० | | १३ | **मौज्दातसंचित कोषचालुरपुँजिगतसमेत** | | **१३५९५६११२.४** |
| | **कुलजम्मा** | | **५५२५८१०३२.४४** | | **कुलजम्मा** | | **५५२५८१०३२.४४** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
| --- | --- | --- |
| १. | गतबर्षको जिम्मेवारी रु.६४११२२५०।१८ रहेकोमा यस बर्ष रु.४९११२२५०।१८ जिम्मेवारी सारेको देखियो ।गत बर्षको आम्दानी तर्फ रु.१५००००००। भूक्तानी बाकी रहेको भनि उल्लेख भएको देखियो उक्त रकम के बापतको भूक्तानी बाँकी हो सोको बैक रिकन्सिलेसन पेश हुन आएन । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तदअनुरुप यस नगरपालिका सभाले कुन मितिमा आर्थिक बर्ष २०७५।७६ को आय व्यय बिबरण तथा कार्यक्रम पारीत गरेको हो खुल्दैन । | |
| ३. | **बार्षिक लक्ष्य, प्रगतिको अवस्था:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्षको लक्ष्य तथा प्रगति विवरणमा तयार गरेको देखिएन । यसबाट तोकिएका कार्यक्रमहरु सञ्चालन नहुने हुँदा तोकिएको लक्ष्यअनुसार प्रगतिको समीक्षा गरी समयमा प्रगति हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | |
| ४. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगाबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● नगरपालिकाको वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>● नगरपालिकाले सवारी साधनको अध्यावधिक लग बुक तयार गरी इन्धन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो गरेको पाइएन ।<br>● नियमित जिन्सी निरीक्षण गरी सबुत सामान, मर्मत हुन सक्ने, मर्मत हुन नसक्ने सामानको विवरण तयार गरी जिन्सी सामानको सुनिश्चितता गरेको पाइएन ।<br>● भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयले भ्रमणबाट फर्केका पदाधिकारीबाट भ्रमण प्रतिवेदन लिने र भ्रमण अभिलेख राखि भ्रमण खटाउने पदाधिकारीहरुको खर्चको विश्वसनिय आधार प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |

| | | |
|---|---|---|
| | ● चलती सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा अनिवार्य रुपमा म.ले.प. फारम नं. २ मा अभिलेख राख्नु पर्नेमा सो गरेको पाइएन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| ६. | **एकीकृत आर्थिक संकेत :** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ७. | **मध्यकालीन खर्च संरचना :** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ८. | **चौमासिक विवरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ९. | **आन्तरिक लेखापरीक्षण**: स्थानीय सरकार संचालना ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगाबै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ । कार्यालयले अन्तरिक लेखापरीक्षकले उल्लेख गरेको कैफियत हरु फछ्र्यौट गरेको देखिएन । | |
| १०. | **आन्तरिक नियन्त्रण प्रणाली**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्राणाली तयार गरि कार्यान्वयन गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान | |

| | | |
|---|---|---|
| | अनुगमन तथा मूल्याङकन जस्ता  विषयलाई समेत समेट्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणलीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाका अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ । | |
| ११. | **योजना छनौट :**स्थानीय सरकार संचान ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुन<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>नगरपालिकाले योजना तर्जुमा तथा वजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ । | |
| १२. | नगरपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । नगरपालिकाद्वारा रु. ३ लाखभन्दा कमका अधिकांश योजनाहरु सञ्चालन गरेको पाइयो । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजनामा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यन्वयनमा ध्यान दिनुपर्दछ । | |
| | **ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)** | |
| १३. | **ठेक्काको अभिलेख**: आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद –११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेख महालेखापरीक्षकको विभागबाट स्वीकृत ढांचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो । ती ठेक्का मध्ये के कति भुक्तानी भई कति भुक्तानी हुन वांकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको( म.ले.प.फा.नं.१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु  कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा एउटै कामको दोहोरो विल पेश भई भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने यस्तो अभिलेख राख्नुपर्ने देखिन्छ । | |
| १४. | **नापी किताव**:कार्यालयले वहुवर्षिय आयोजनाको कार्य को निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न गोश्वारा भौचर संग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट छुटा छुटै लुज नापी सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ गरि सोही आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ । | |
| १५. | **योजना तर्जुमा-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न | |

सकिने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिमाणमुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक निति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश एक लाख रुपैंया भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए वमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ ।

१६. **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको छ । नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

१७. **कर विजक :-**मूल्यअभिबृद्धिकर ऐन, २०५३ को दफा..अनुसार करमा दर्ता भएका फर्महरुले तोकिएको ढाँचामा कर विजक जारी गर्नु पर्ने व्यबस्था रहेको छ । वडा नं.७, ८ र ९ बाटो मर्मत कार्य गर्ने पुडासाई निर्माण सेवा र ल्यापटप  सप्लाईगर्ने माइक्रो अफिस अटोमेशन वाट खरिद कार्यको विल एवं विजक पेश भई मूल्य अभिवृद्धि कर समेत रु.५,४७,९८३/- भुक्तानी भएको छ । उक्त विल साथ पेश गरेको विजकको जारी मिति नभएको एवं नंवर हातले लेखेको छ । जारी मिति उल्लेख गरी क्रमवद्ध मिलेको छापावाल नंवर भएको विजक जारी गर्नु पर्नेमा मिति उल्लेख नगरेको एवं हातले लेखेको नंवर भएको विजक जारी गरेकोले अनियमित भएकोले कर समायोजन भएको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ५४७९८३/-

| सि.नं. | भौ.नं. | निर्माण व्यवसायी | योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २-०७५/६/३१ | पुडासाई निर्माण सेवा | बाटो मर्मत वडा नं.७, ८ र ९ | ४७६९८३ | जारी मिति नभएको |
| २ | ३-०७५/६/२१ | माइक्रो अफिस अटोमेशन | ल्यापटप खरिद | ७१००० | नं हातले लेखेको |
| | | | जम्मा | ५,४७,९८३/- | |

१८. **ढुवानी करः-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी सेवा शुल्कमा २.५  प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ ।  विभिन्न उपभोक्ता समितिवाट भएका निर्माण सम्वन्धि कार्यको विल साथ पेश भएको देहाय अनुसारका व्यक्ति र संस्थाहरुले ढुवानी सम्वन्धि कार्यको रु.२०,०००/- भन्दा कमको प्यान विल पेशगरी भएको खर्च लेखेको रकम रु.३५,०८,२४४/- को रु.५७,२२८/- कर कट्टा गरेको छ । नियमानुसार विल  रकम रु. ३५,०८,२४४/- को २.५ प्रतिशतले रु.८७,७०६/- कट्टा गर्नु पर्नेमा रु.३०,४७८/- कम कट्टा भएको छ। कट्टा गर्न छुट भएको  रकम असूल गरी सम्बन्धित संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ३०४७८/-

| भौ.नं. | व्यवसायी/उपभोक्ता समिति | भुक्तानी | २.५ प्रतिशत कर | काटेको | नपुग रकम |
|---|---|---|---|---|---|
| २५-०७५/७/१३ | पूर्वाञ्चल सप्लायर्स | १५०००० | ४४०५ | २१५२ | २२५३ |
| | बलराम दास | ११५०० | | | |
| | मामा भान्जा निर्माण सेवा | १४७०० | | | |
| ८४-०७६/१/२१ | महिमा सप्लायर्स | ४८६००० | १२१५० | ८५०५ | ३६४५ |
| ११७-०७६/३/५ | श्री रिफर्म कन्ष्ट्रक्सन | ३१२००० | ७८०० | ५१०८ | २६९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३२-०७६/३/१६ | उप्रेती सप्लायर्स | ६९१६०० | १७२९० | १४६०५ | २६८५ |
| १४५-०७६/३/२० | उप्रेती सप्लायर्स | ११४००० | २८५० | १७१० | ११४० |
| १५६-०७६/३/२० | अमरदह कन्स्ट्रक्सन | ६७७२४४ | १६९३१ | १०००० | ६९३१ |
| १७५-०७६/३/२७ | वार्ड नं. ६ कार्यालयको घेरावारा | १०८००० | २७०० | १००० | १७०० |
| १८६-०७६/३/२९ | उप्रेती सप्लायर्स | ८२३२०० | २०५८० | १२३४८ | ८२३२ |
| २१४-०७६/३/३१ | रिफर्म कन्स्ट्रक्सन | १२०००० | ३००० | १८०० | १२०० |
| | जम्मा | ३५०८२४४/- | ८७७०६/- | ५७२२८/- | ३०,४७८/- |

१९. **बहाल कर:-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मेशिन बहाल रकममा १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ। विभिन्न विलबाट भूक्तानी हुँदा उपभोक्ता समितिवाट भएको निर्माण सम्वन्धि कार्यको विल साथ पेश भएको मामा भान्जा निर्माण सेवाको मेशिन भाडा रु.७१,३००/-र सुनिता कटवालको घर पुर्व सोमागडी ग्राभेलको काममा प्रयोग भएको मेशिनको बहाल रु. ९८०००/- समेत जम्मारु. १६९३००/-को १० प्रतिशतले रु.१६९३०/- कट्टा गर्नु पर्नेमा रु.२७५०/-मात्र कट्टा गरेको छ। नियमानुसार कट्टा गर्नु पर्ने भन्दा कम कट्टा भएको रकम अशुल गरी सम्बन्धित संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु. १४१८०/-

| भौ.नं. | व्यवसायी/उपभोक्ता समिति | भुक्तानी | १० प्रतिशत कर | काटेको | नपुग रकम |
|---|---|---|---|---|---|
| १७७-०७६/३/२७ | मामा भान्जा निर्माण सेवा | ७१३०० | ७१३० | १२५० | ५८८० |
| १७९-०७६/३/२७ | सुनिता कटवालको घर पुर्व सोमागडी ग्राभेल | ९८००० | ९८०० | १५०० | ८३०० |
| | जम्मा | १६९३०० | १६९३० | २७५० | १४१८०/- |

२०. **गैर सरकारी संस्थावाट काम:**-सार्वजनिक खरिद ऐन, २०६३अनुसार जनचेतना सम्वन्धि तालिम,अभिमुखीकरण सवलीकरण, मूलप्रवाहीकरण कार्यछिटो छरितो, प्रभावीकरण र मितव्ययी हुने भएमा तोकिएको प्रकृया पुरागरी गैर सरकारी संस्थावाट काम गराउन वा सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९९ अनुसार गैर सरकारी संस्थावाट काम गराउनकोलागि त्यस्तो कामको आवस्था, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति,कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने, दश लाख रुपैया सम्मको कामको लागि गर्नुपर्ने कामको उद्देश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएको, कार्यालयको मौजुदा सूचिमा रहेको, राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचार पत्रमा पन्ध्र दिनको अवधिको सूचना प्रकाशित गरी सो संस्था प्रस्ताव मागेको र परेको प्रस्ताव मध्ये मूल्यांकन समितिले कार्यक्षेत्रगत शर्त पुरागरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकको प्रस्ताव सिफारिस गरे अनुसार प्रस्ताव स्विकार भएकोवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले यस वर्ष खुला दिसामुक्त तथ्याङ्ग संकलन गर्ने कार्य आदिवासी जनजाती महासंघ नगर समन्वय समिति नामक गैर सरकारी संस्थावाट गराई रु.२,७६,४००/-खर्च गरेको छ । यसरी काम गराउँदा सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था गरे अनुसारको शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्ने, गैर सरकारी संस्थाको मौजुदा सूचि तयार गर्ने, पत्रपत्रिकामा सूचना प्रकाशनगरी प्रस्ताव लिने जस्ता प्रकृया पुरा गरेको देखिएन । यसरी नियमले तोकेको प्रकृया पूरा नगरी खर्च लेखेको रकम रु.२,७६,४००/- अनियमित भएको रु. २७६४००/-

२१. **डोजर बहाल कर:-**विभिन्न उपभोक्ता समितिले डोजर बहालमा प्रयोग गरेको रकमवाट भुक्तानी हुँदा कर वापत कट्टा गरेको रु.१३,३४०/- नगरपालिकाको खातामा दाखिला भएको छ। नियमानुसार घर बहाल कर बाहेक अन्य सम्पूर्ण करका रकम संघिय संचित कोषमा दाखिला गर्नु पर्दछ । डोजर बहालको रकम नगरपालिकाको खातामा जम्मा गरेको रकम रु.१३,३४०/-अशुल गरी संघिय संचित

| | | |
|---|---|---|
| | कोषमा जम्मा गर्नु पर्ने रु. | १३३४०/- |
| २२. | **जिन्सि दाखिलाः-**(भौ.नं.९०-०७६/२/७) न्यू सागर सिलाई मेशिन सप्लायर्सवाट सिलाई मेशिन रु.३,९७,९८०/-र लेडिज साईकल ३७ थान रु.२५३४५०/- खरिद गरी भुक्तानी गरेको छ। खरिद भएका उक्त सामान कहिले कहां भएको तालिममा प्रयोग भएको खुल्ने र कस्को जिम्मामा रहेको छ भन्ने प्रमाण पेश नभएकोले उक्त सामान खर्च भएर नजाने जिन्सि खाता म.ले.प.फा.नं.४७ मा आम्दानी जनाई नियमित गर्नु पर्ने रु. | ६५१४३०/- |

| सि.नं. | भौ.नं. | सामान | संख्या | रकम |
|---|---|---|---|---|
| १ | ९०-०७६/२/७ | सिलाई मेशिन | | ३९७९८० |
| २ | ९२-०७६/२/८ | लेडिज साईकल | ३७ | २५३४५० |
| | | **जम्मा** | | **६५१४३०/-** |

| | | |
|---|---|---|
| २३. | **पारिश्रमिक करः-**(भौ.नं.९१-०७६/२/८) आय कर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार पारीश्रमिक भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था छ। यस कार्यालयवाट प्रदेश स्तरीय फुटवल टुर्नामेण्ट संचालन गर्न ढल्केजोवन यूवा क्लवलाई पुँजीगत र चालु शिर्षक वाट जम्मा रु.५,३०,०००/-खर्च लेखेको छ । उक्त प्रतियोगितामा देहायका कार्यक्रम संचालक र रेफ्रीलाई पारीश्रमिक भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गरेको छैन । अग्रिम आयकरको रकम अशुल गर्नुपर्ने रु. | १६८७५/- |

| सि.नं. | काम र नाम | पारीश्रमिक रु. | १५ प्रतिशत कर रकम |
|---|---|---|---|
| १ | रेफ्री विक्कि कार्की | २२५०० | ३३७५ |
| २ | रेफ्री सचित धिमाल | २२५०० | ३३७५ |
| ३ | रेफ्री विनोद धिमाल | २२५०० | ३३७५ |
| ४ | रेफ्री सजिव राउत | २२५०० | ३३७५ |
| | उद्घोषक हरि घिसिङ्ग | २२५०० | ३३७५ |
| | | १,१२,५००/- | १६,८७५/- |

| | | |
|---|---|---|
| २४. | **विजक भन्दा बढी भुक्तानीः-**(भौ.नं.१६९-०७६/३/२५) ठेक्का नं. ३-०७५/७६ प्रसन्न लालाको घर देखि रङ्गेली जोड्ने सडक कालोपत्रे गर्ने काम गर्ने वीर निर्माण सेवाको प्रथम रनिङ्ग विलको रु.२३१८४९१/- भुक्तानी भएको छ । निर्माण व्यवसायी वाट प्रथम विलको रु.२१,१८,४९१/-को विजक पेश भएको छ। पेश भएको विजक भन्दा वढी भुक्तानी गरेको रकम रु.२,००,०००/-अशुल गर्नु पर्ने रु. | २०००००/- |
| २५. | **विल विना भुक्तानीः-**निर्माण कार्यको लागि निर्माण व्यवसायी/उपभोक्ता समिति संग भएको सम्झौतामा पि.एस.आईटम को कामको विल पेश हुनु पर्ने उल्लेख छ। देहायको योजनाको काममा पि.एस. आईटम को कामको लागि रु. ७३,८२१/-खर्च गरेको छ । उक्त खर्चको विल संलग्न नभएकोले विल वेगर खर्च लेखेको रकम अनियमित भएको रु. | ७३८२१/- |

| भौ.नं. | योजना | पि.एस.आइटम | रकम |
|---|---|---|---|
| ११९-०७६/३/५ | विश्वेस्वर प्रसाद सिंहको खरेवारी छेउको पर्खाल वडा ८ | पानीको काम | ५००० |
| १६३-०७६/३/२३ | सिक्ती सिताराम प्रा.वि. सडक मारीया खोला | ट्राफिक सेफ्टी | १५००० |
| १६९-०७६/३/२५ | प्रशन्नलालको घर दुखि रङ्गेली जोड्ने सडक | टेष्ट रिपोर्ट | २५००० |
| १९६-०७६/३/३० | झपटलाल कुर्धेली सडक मारी खोलामा कल्भर्ट | विमा,टेष्ट रिपोर्ट र सूचना बोर्ड | २८८२१ |
| | | **जम्मा** | **७३,८२१/-** |

२६. **मूल्य अभिवृद्धि करः-**कार्यालयले ग्राभेल सप्लाई गरि सडक निर्माण गर्ने कामको ग्राभेल ढुवानीको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरी दर निर्धारण गरेको छ । तर उक्त कामको लागि ग्राभेल सप्लाई कर्ताले मूल्य अभिवृद्धि करमा दर्ता भएको विजक जारी नगरी प्यान विल एवं ठाडो भर्पाई पेश गरेको छ । मूल्य अभिवृद्धि करमा दर्ता भएको विजक जारी नगर्ने सप्लायरको विल पेश गरि सडक निर्माणको लागि ग्राभेल खरिद गरेको रु.२० हजार मुनिका विलजारी गरी उपभोक्ताको नाममा रकम भूक्तानी गर्दा मूल्य अभिबृदि कर कट्टा गर्नु पर्नेमा कट्टा नगरी भुक्तानी भएकोले अशुल गर्नु पर्ने रु. ८६०७१९/-

| भौ.नं. | योजना | ढुवानी रकम | १३ प्रतिशत मू.अ.कर |
|---|---|---|---|
| १२६-०७६/३/११ | बृहमलालको घर देखि बाँध सम्मको वाटो ग्राभेल | ११३६०३ | १३०६९ |
| १३२-०७६/३/१६ | केरौंजा सत्संगमन्दिर देखि वडा नं.९ को सिमा जोड्ने सडक | ५५६०१२ | ६३९६५ |
| १४४-०७६/३/२० | रामचन्द्रको धर हुदै सुवासचन्द्रको घर सम्म ग्राभेल | ६८१९९१ | ७८४५९ |
| १४५-०७६/३/२० | खयरतोकी हरि प्रसाद दुलालको टोल जाने सडक | १०४२४८ | ११९९३ |
| १४७-०७६/३/२० | दशरथ दासको घर देखि दक्षिण दिलिप सोनारको घर सम्म | ५६६४७ | ६५१६ |
| १४८-०७६/३/२० | मुनिश्री प्रा.वि.देखि सुकुम्वासी टोल सम्मको बाटो | ४५२७६२ | ५२०८७ |
| १५५-०७६/३/२० | पिपल चौक देखि मिलडाडा सम्म ग्राभेल | १००६०६१ | ११५७४१ |
| १५६-०७६/३/२० | अमरदह खत्वेटोल हुदै भेलाट सम्म बाटो विस्तार | ६३८५९१ | ७३४६६ |
| १५९-०७६/३/२३ | आर.सि. सि.पूल देखि पुर्व चन्द्र प्रसादको घर सम्म | १९४११० | २२३३१ |
| १६२-०७६/३/२३ | झपटलाल चौक देखि सन्यासी प्रा.वि.सम्म | ३३८८९३ | ३८९८७ |
| १८१-०७६/३/२९ | जोगीटोल कल्भर्ट देखि ६नं वडा सिमा सम्म | २२१८६० | २५५२३ |
| १८३-०७६/३/२९ | सुगा वजार देखि इटहरा सिमाना सम्म | ४५३२०९ | ५२१३९ |
| १८४-०७६/३/२९ | देउजा चौक देखि पुर्व होक्लावारी जाने सडक | ३०८८३९ | ३५५३० |
| १८५-०७६/३/२९ | गज्जुको घर देखि मोहवतको घरसम्म | ३९४३७ | ४५३७ |
| १८६-०७६/३/२९ | टकुवा गुद्री देखि बनकोल जाने सडक | ८०८५८२ | ९३०२२ |
| १९५-०७६/३/३० | धोकरीया वजार दक्षिणवडा नं.३ सिमा सम्म | २०८३५१ | २३९६९ |
| २०३-०७६/३/३१ | गिरदलिया चौक देखि केचना जाने वाटो | ११९७२८५ | १३७७४० |
| २१२-०७६/३/३१ | विन्देश्वरी चौक देखि ठाकुर टोल सम्म | १०१२२९ | ११६४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | ८,६०,७१९/- | | |

२७. **सवारी साधन खरिदः-**यस वर्ष नगरपालिकाले देहाय अनुसारको सवारी साधन खरिद गरेको छ ।

| सि.नं. | भौ.नं. | सवारी साधन | गोटा | रकम |
|---|---|---|---|---|
| १ | १३-०७५/९/८<br>२८-०७५/१०११ | मोटर साईकल | ३ | ७४९५०० |
| २ | १८-०७५/९/१६ | टाटा सुमो गोल्ड | १ | ४१३०००० |
| | | **जम्मा** | | **४८,७९,५००/-** |

२८. **सुचना प्रकाशनः-**गोरखा पत्र संस्थान लगायतका प्रकासन गृहहरुले सुचना प्रकाशन गर्दा पच्चिस प्रतिशत सम्म छुट दिने गर्दछ । यस कार्यालयवाट विभिन्न समयमा सुचना प्रकाशन गरी देहायका एड्भर्टाइजिङ्ग एजेन्सी एवं पव्लिकेशन लाइ रु.१,३०,५१५/-भुक्तानी गर्दा कुनै प्रकारको छुट प्राप्त गरेको छैन । प्रकाशन गर्ने संस्था संग सोझै सम्पर्क गरी सुचना प्रकाशनको छुट प्राप्त गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं. | भौ.नं. | संस्था | रकम |
|---|---|---|---|
| १ | १४-०७५/९/९ | मेडिया रिलेशन एड्भर्टाजिङ्ग | ४७४६० |
| २ | १३८-०७६/३/१९ | यूग पव्लिकेशन | ४२३७५ |
| | | सौगात प्रकाशन | ४०६८० |
| | | **जम्मा** | **१,३०,५१५/-** |

२९. **परामर्श दाताबाट कामः-**सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकावाट यस वर्ष २५ योजनाहरुको विस्तृत सर्भेक्षण गराई रु. १,०६,१८,६६६/- खर्च गरेको छ । कार्यालयमा इन्जिनियर लगायत अन्य कर्मचारी मौजुदा रहेको अवस्थामा उक्त योजनाहरुको विस्तृत सर्भेक्षण वाह्य परामर्शदातावाट गराउनु पर्नाको कारण उल्लेख गरेको छैन । साथै परामर्शदातावाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटी सच्याई पुनः फाईनल प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसारको भएको यकिन गरेर मात्र सम्झौता अनुसारको विलको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै फाइनल प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अतः प्रतिवेदन अध्ययन नगरी प्राप्त प्रतिवेदनमा त्रुटी भएमा त्यसवाट कार्यान्वयन चरणमा हुन सक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्तैन । यसरी डि.पि.आर तयार गरेको आयोजनाको काम कहिले संचालन हुने एकिन नगरी प्रतिवेदन तयार गरेको छ ।

| सि.नं. | भौ.नं. | योजना | फर्म | रकम |
|---|---|---|---|---|
| १ | ११-०७५/८/१७ | विभिन्न कार्य विधि निर्माण | अभ्यूदय नेपाल | ४९४९४० |
| २ | ३१-०७५/१०/२० | अमरदह पिपलचौक गिदेलिया देखि बराल टोल जाने बाटो | बिराट कन्सलटेन्सी | २२६३७२ |
| ३ | ३२-०७५/१०/२० | अमरदह गिदेलिया जोगीटार केचना कानेपोखरी सडक | ट्रयू व्यूल्ट इन्जिनियरिङ्ग | ४७८७२१ |
| ४ | ३३-०७५/१०/२१ | विभिन्न मस्यौदा तयारी | इन्सेन्टिभ रिसर्च सेन्टर | ४९४०९२ |
| ५ | ३४-०७५/१०/२१ | कर्मचारीको विवरण तयारी | इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च | ४९६८०४ |
| ६ | ३५-०७५/१०/२१ | विभिन्न कार्यविधि तथा ऐन तयारी | पानोरमा रिसर्च सेण्टर | ४९४०९२ |
| ७ | ३६-०७५/१०/२१ | शिप विकस तथा प्रशिक्षण तथा विक्रि ऐन मस्यौदा तयारी | बजार विकास केन्द्र | १९६२२४ |
| ८ | ५०-०७५/११/१५ | गैडग्रा बेलडागि चौकदेखि | बिराट कन्सल्टेन्सि | १६५९९७ |

| | | | | |
|---|---|---|---|---|
| | | भवनलाल पोखरी सम्मको बाटो | | |
| ९ | ६२-०७५/१५/३ | संस्कृत विश्व विद्यालय सम्भाव्यता अध्ययन | इकेच इन्जिनियरिङ्ग | २६०००० |
| १० | ६३-०७५/१२/३ | कृषि विकास गुरुयोजना तयारी | सार्प रिशर्च सेन्टर | ९९४४०० |
| ११ | ६४-०७५/१२/३ | क्रिकेट स्टेडियम सम्भ्याव्यता अध्ययन | डिजाइन एसोसिएट | ४९१५५० |
| १२ | ६५-०७५/१२/३ | हुलाई टोल सिक्टी ट्रान्सफर्मर गुलामुद्यिनको घर सम्म कालोपत्रे | फ्रिम्यान इन्जिनियरिङ्ग | ४११३२० |
| १३ | १७०-०७६/३/२५ | दैनिक प्रशासन सम्बन्धि सफ्टवेयर | पूर्वाञ्चल डिजिटल मिडिया प्रा.लि. | १७९६७० |
| १४ | १९८-०७६/३/३१ | झुमरी देवी तालको डि पि आर | हिमालयन इनिनियरिङ्ग | ४९८००० |
| १५ | २०१-०७६/३/३१ | शिखरडांगी गैडाग्राम सडक तथा बक्राहा बरडंग्रा सडक | राइजिङ्ग इन्जिनियरिङ्ग | ४८२५६६ |
| १६ | २०६-०७६/३/३१ | कोल्डस्टोर निर्माण | मण्डला इन्जिनियरिङ्ग | १२८५८०८ |
| १७ | २०७-०७६/३/३१ | कृषि सडक राम शिवाकोटी देखि सुरत सुनवर्षि सडक | कञ्चनेश्वर कन्सल्टेन्सि | २७१७६५ |
| १८ | २०८-०७६/३/३१ | विभिन्न सडक सर्भे | भुमि इन्जिनियरिङ्ग | ३५९०५७ |
| १९ | २०९-०७६/३/३१ | सहकारी संस्था सम्वन्धि अध्ययन प्रतिवेदन | डेल्ट्रक्स आइ.टि. सोलुसन | ४९४०९२ |
| २० | २२०-०७६/३/३१ | ल्याण्डफिल्ड साइडको सम्भ्याव्यता अध्ययन | प्रोफेशनल इन्जिनियरिङ्ग | ४९६९१७ |
| २१ | २२७-०७६/३/३१ | सार्वजनिक शौचालय | इष्टर्न डिजाइन एण्ड इन्जिनियरिङ्ग | २२६००० |
| २२ | २२८-०७६/३/३१ | सुरत देखि जागीटोल सडक | इष्टर्न डिजाइन एण्ड इन्जिनियरिङ्ग | १६६२७९ |
| | **समानिकरण चालु तर्फ** | | | |
| २३ | ८६-०७५/६/२१ | योजना तथा कार्यक्रम सम्बन्धि सफ्टवेयर | पूर्वाञ्चल डिजिटल मिडिया प्रा.लि. | २८२५०० |
| २४ | २६२-०७५/९/२७ | ई-हाजिरी मेशिन खरिद | एस एम टेक कम्प्यूटर सेन्टर | ४८०००० |
| २५ | २६४-०७५/९/२७ | नेटवर्किङ्ग सामाग्री | ग्लोबल टेक्नीकल सपोर्ट प्रा.लि. | १९१५०० |
| | | **जम्मा** | | **१०६१८६६६/-** |

३०. **चेनेज नखुलेको:-**(भौ.नं.१५८-०७६/३/२३)उपभोक्ता समितिले गिरदलिया चौक देखि केचना जोड्ने सडक चेनेज ०+००० देखि १+३५० सम्म वाटो स्तरोन्नती कामगरी प्रथम रनिङ्ग विलवाट माटो खन्ने कामको को रु.५,३९,२१६/-भुक्तानी भएको छ । उक्त माटोको काममा मेशिन प्रयोगको परिमाण ९६.७५ घ.मि.को रु.१३३१/-को दरले रु.१२८७७४/- र बाहिरवाट ११२८.५ घ.मि.को रु.४१३/२९ को दरले ४६६३९७/-भएको हो भनि खुलाएको छ । तर नापी किताव एवं उपभोक्ताको विलमा कुन चेनेजमा मेशिनवाट र कुन चेनेजमा बाहिरवाट माटोको काम भएको खुलाएको छैन । सम्पुर्ण काम मेशिन वाट हुदा रु.२,३७,९५६/-मा सम्पन्न गर्न सकिन्छ । अतः चेनेज नखुलाई बढी खर्च लेखेको रु.३,०१,२६०/- अनियमित भएको रु. ३०१२६०/-

| | | |
|---|---|---|
| ३१. | **पेश्किः-**(भौ.नं.२३२-०७६/३/३१)शिप विकास प्रशिक्षण कार्यक्रम संचालन गर्न कम्प्यूटर अपरेटर प्रभुनाथ झा लाई रु. १,००,०००/-पेश्कि दिएको छ । तालिम संचालन गरीने समय तालिका, प्रशिक्षक, सहभागी, र लाग्ने खर्चको विवरण पेश नगरी आर्थिक वर्षको अन्तिम दिन वजेट फ्रिज नगर्ने उद्देश्यले पेश्कि दिएको देखियो । वजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्कि दिने काम अनियमित भएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ३२. | **अनिश्चित कार्यः-**(भौ.नं.२२९-०७६/३/३१) वडा नं.२ को सटर निर्माण र कम्पाउण्ड वाल लागत अनुमान रु.२२८५६०३/- भएको निर्माण काम कार्यालयले रु.१९,४०,०००/- व्यहोर्ने गरी ०७६/३/१५ सम्ममा सम्पन्न गर्ने सम्झौता भएको कामको यस वर्ष रु.८८२७९०/-समेत जम्मा रु.१७,०५,०१७/- भुक्तानी भएको छ । उक्त काम आर्थिक वर्षको अन्त्य सम्म पनि सम्पन्न भएको छैन । | |
| ३३. | **विजक नंवरः-**(भौ.नं.२१५-०७६/३/३१)टाडा निर्माण सेवावाट ३*१*०.५० साइजको मेशिन मेड जाली १२६ थान खरिद गरी मूल्य अभिवृद्धि कर समेत रु.४८४०११/- भुक्तानी खर्च गरेको छ । उक्त फर्मले मूल्य अभिवृद्धि कर दर्ता नं. ३०१३८२२४९ उल्लेखित विजक नं. ३५ जारी गर्दा जारी मिति उल्लेख छैन । जारीमिति उल्लेख नभएको विजक वाट खर्च लेखेको रकम अनियमित भएकोले सम्वन्धित कर कार्यालयवाट कर समायोजन भएको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. | ४८४०११/- |
| ३४. | **परीमाण नखुलेकोः-**(भौ.नं.२१५-०७६/३/३१)नैवेध निर्माण सेवावाट ३*१*०.५०साइजको परीमाण नखुलेको जाली रु.४,४१,१०७/-मा खरिद गरी भुक्तानी भएको छ । जिन्सि खातामा प्रतिगोटा रु.३,७६२/- को दरले ११३ थानको आम्दानी गरेको छ । दाखिला रेकर्ड अनुसार ११३ थानको रु.४२५१०६/-मात्र खर्च लेख्न मिल्ने देखिन्छ । परीमाण नखुलेको विजकवाट कति थान जाली प्राप्त भएको नखुल्ने भएकोले जिन्सि खातामा आम्दानी गरेको प्रमाणको आधारमा प्राप्त भएको जालीको रकम भन्दाबढी भुक्तानी भएको रु.१६,००१/-अशुल गर्नु पर्ने रु. | १६००१/- |
| ३५. | **विल भन्दा बढी भुक्तानीः-**(भौ.नं.१२५-०७६/३/६)उपसचिव हरिहर घिमिरेको पेश्कि रु. १,००,०००/- फछ्र्यौट गर्दा सेवा निवृत्त शिक्षकको सम्मान कार्यक्रममा भएको खर्चको रु. ९८४४५/-मात्रको विल पेश भएको छ । विल भर्पाइ पेश नगरी फछ्र्यौट गरेको रकम रु.१,५५५/-अशुल गर्नु पर्ने रु. | **१५५५/-** |
| ३६. | **रिन्यू नभएकोः-**(भौ.नं.२-०७५/६/१)सुनवर्षी नगरपालिकाको वडा नं. ७,८,९को विभिन्न बाटो मर्मतको काम सम्पन्न गर्न पुडासाई निर्माण सेवासंग २०७५/४/६ मा सम्झौता भए अनुसार काम सम्पन्न गरी ४७६९८३/- भुक्तानी भएको छ । तर उक्त निर्माण व्यवसायीले पेश गरेको निर्माण व्यवसायी दर्ता प्रमाण पत्रको मान्य अवधि २०७५ असार मसान्त सम्म रहेको देखियो । सम्झौता गर्दाको समयमा निर्माण व्यवसायीको व्यवसाय प्रमाण पत्रको मान्य अवधि समाप्त भईसकेको अवस्थामा सम्झौता गरी कार्य गराउनु अनियमित भएको । | |
| ३७. | **जिन्सी व्यवस्थापनः-**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ अनुसार जिन्सी मालसामान तथा तत्सम्वन्धि स्रेस्ता उपलब्धि अधिकृत वा भण्डार अधिकृत वा भण्डार सहायकको जिम्मामा रहने । कार्यालय प्रमुखले कार्यालयमा जुनसुकै प्रकारले प्राप्त हुन आएका जिन्सी माल सामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गर्नु पर्ने उल्लेख छ । यस कार्यालयमा गत विगत एवं यस वर्ष समेत खरिद भएका विभिन्न समानहरु नगरपालिकाको जिन्सी खातामा आम्दानी नगरी सम्वन्धित शाखा एवं वडा कार्यालयमा आफ्नै माग फाराम एवं दाखिला रिपोर्ट खडा गरी आम्दानी गर्ने गरेको देखियो । यसरी नगरपालिकाको जिन्सी खातामा आम्दानी खर्च जनाउने नगरेको सामानको यथार्थ विवरण जिन्सी निरीक्षण प्रतिवेदनमा समेत उल्लेख नहुने हुँदा नगरपालिकाको जिन्सी कारोवारको यथार्थ अवस्था अवगत हुन सक्तैन । अतःनगरपालिका र सो अन्तर्गतका शाखावाट गरीने सम्पुर्ण जिन्सी कारोवारको लेखा केन्द्रिय जिन्सी खातामा आम्दानी खर्च जनाउनु पर्दछ । कार्यालयको मुल जिन्सी खातामा आम्दानी नजनाएको केही उदाहरण निम्न अनुसार छः- | |

| सि.नं. | भौ.नं. | सामान | रकम |
|---|---|---|---|
| १ | ९९ | ल्यापटप १ | ६७००० |

| | | | |
|---|---|---|---|
| २ | २०१ | ल्यापटप १ | ७०००० |
| ३ | ६१४ | ल्यापटप डेल १ | ५९९५५ |
| ४ | ९९ | प्रिन्टर १ | १९५०० |
| ५ | ९९ | स्क्यानर १ | ८००० |
| ६ | ९९ | क्यामेरा १ | ४२००० |
| ७ | ९१ | ओरियन्ट फ्यान २० | ११०७४० |
| ८ | ४६० | मोवाईल २ | २८००० |
| ९ | ७२५ | फोटोकपी मेशिन १ | २५००० |
| १० | ७२५ | मोटरसाइकल बजाज डिस्कभर १ | २२५००० |

**प्रदेश शशर्त अनुदान**

३८. प्रदेश सरकारको आर्थिक बर्ष २०७५।७५को वजेट आषाढ १ मा जारी वजेट भाषणको बुदा १४ अनुसार स्थानीय तहलाई शशर्त अनुदान अन्तर्गत १ करोडमा नघट्ने गरि उपलव्ध गराउने उल्लेख छ । वित्तीय हस्तान्तरण र बजेट कार्यान्वयन सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी निर्देशन अनुसार अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत शशर्त अनुदानको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्वन्धित स्थानीय संचितकोषमा प्रत्येक बर्षको भदौ २५ गते दाखिला गर्ने व्यबस्था रहेको छ ।प्रदेश सरकारले शशर्त अनुदान अन्तर्गत समयमानै वजेट तथा कार्यक्रम निश्चीत भएकोमा प्रदेशबाट प्राप्त रकम रु. १३००००००।-पटियापाडा देखि कुन्यु सडक अन्तर्गत कालोपत्रे तथा कल्भर्ट निर्माणको लागि वजेट तथा कार्यक्रम प्रदेशबाट प्राप्त भएकोमा ठेक्का व्यबस्था गरि प्रतिस्पर्दात्मक तरिकाले निर्माण कार्य नगरि आर्थिक बर्षको अन्तमा निम्नानुसारका योजनामा उपभोक्ताबाट काम गराएको देखियो ।

| कामको नाम | सम्झौता रकम | कार्यालयबाट भूक्तानी रकम | कैफियत |
|---|---|---|---|
| पटियापाडा देखि कुन्यु सडक कालोपत्रे | ७०३२६४६.६४ | ५७३९५९२ | सम्पन्न |
| पाथियापाडा पाउरा कैनी जनप्रिय स्कल हुदै सुनबर्षी | ६१३७३५१.९२ | ३२२०४२३ | सम्पन्न नभएको |
| पटियापाडा देखि कुन्यु सडक कल्भर्ट निर्माण | १८१८६५५.९४ | १४८३३७२ | सम्पन्न नभएको |
| **जम्मा** | **१४९८८६५४.५** | **१०४४३३८७** | |

३९. पटियापाडा देखि कुन्यु सडक कालोपत्रे कामको लागि उपभोक्ता समितिसंग २०७६।३।३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरि रु. ७०३२६४६।६४मा कामगर्ने गरि मिति २०७५।१२।२५मा उपभोक्ता समिति सग सम्झौता भएको थियो । कार्यालयको तर्फबाट रु. ५६६३१५४।- भूक्तानी गर्ने गरि सम्झौता भएकोमा रु. ५७३९५९२।- भूक्तानी भएकोले बढी भूक्तनी भएको रकम जिम्मेवार व्यक्तीबाट असुल हुनु पर्ने

७६४३८/-

४०. सार्बजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार अनुसार उपभोक्ता समितिको काम पाथियापाडा पाउरा कैनी जनप्रिय स्कूल हुदै सुनबर्षी सडकको दर बिश्लेषण गर्दा निम्न आईटममा मूल्य अभिबृद्धि कर समेत जोडि दर बिश्लेषण गरेको तर मूल्यअभिबृद्धिकर सहितको कर विजक जारी नगरेकोले निम्न काममा भूक्तानी भएको रकममा मूल्यअधिबृद्धिकर उपभोक्ताबाट असुल हुनु पर्ने रु.

७५०३२/-

| आईटम नं | कामको नाम | भूक्तानी परिमाण | भूक्तानी रकम | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|
| ६ | Formation of road embankments by earth and or earth filling works | ४८८.२४ | १२०४७३२ | १५७७३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | Preparation of subgrade | २६.०२ | ९१०७० | २७८२५ |
| ८ | Preparation of sub base course | २११७.९९ | १४६९८८५ | १७८९२ |
| ९ | Preparation of  base course | २४७५.५५ | १०२०३३९ | १३५४२ |
| | जम्मा | | | ७५०३२ |

४१. पाटियापाडा कैमी जनप्रिय स्कुल हुदै सुनबर्षी, पटियापाडा देखि कुन्यु सडक कल्भर्ट निर्माणकामको लागि क्रमश रु. ६१३७३५१.९२ र १८१८६५५।९४को लागत अनुमान भएकोमा रु.३२२०४२३ र१४८३३७२  क्रमश ५२ प्रतिशत ८१ प्रतिशत कार्य को भूक्तानी भइ सडक निर्माण कार्य अधुरो अबस्थामानै आर्थिक बर्ष समाप्त भई शशर्त रकम फिर्ता भएको छ । चालु बर्ष सो सडकमा रकमको व्यबस्था नभएकोले निर्माण कार्य अलपत्र परेको छ ।

४२. पटियापाडा देखि कुन्यु सडक कालोपत्रे कामको ठेक्का सम्झौतामा  निम्न आईटम प्रोभिजनल सम्म अन्तर्गत विलभर्पाई पेश गरि  रकम भूक्तानीको व्यबस्था भएको देखियो । प्रोभिजनल सम्मको व्यबस्था भएको आईटममा सक्कल विल भपाई पेश हुनु पर्ने व्यबस्था रहेकोमा निम्न आईटमको सक्कल विल भरपाई पेश नभएकोले जिम्मेवार व्यक्तीबाट उक्त रकम असुल हुनु पर्ने रु. ४५०००/-

| सि.नं | विवरण | भूक्तानी रकम |
|---|---|---|
| १ | ल्यावटेष्ट | ३०००० |
| २ | ट्राफिक सेफटी ईक्युपमेट | १५००० |
| | जम्मा | **४५०००** |

४३. भौ नं २६ मिति २०७६।३।३१बाट विभिन्न उपभोक्ता समितिको विलबाट कट्टा भएको अन्य बहाल कर ढुवानी बापतको रकम रु. १५५२१३।- रकम स्थानीय संचित कोषमा रहेकोले उक्त रकम संघिय संचित कोषमा जम्मा हुनु पर्ने रु. १५५२१३/-

४४. आयकर ऐन, २०५८को दफा ८८ अनुसार ढुवानीमा २.५ प्रतिशत अग्रिम कर कटट्ा गर्नु पर्नेमा १.५ प्रतिशतमात्र कट्टा गरेकोले घटी कट्टा गरेको रकम सम्वन्धितबाट असुल गरि संघिय संचितकोषमा दाखिला हुनु पर्ने रु. १७६६३२/-

| भौ नं | कामको विवरण | भूक्तानी रकम | छुट रकम |
|---|---|---|---|
| २,३२ | पटियापाडा देखि कुन्यु सडक उ.स | २६२४६८८ | २६२४७ |
| ८ | पटियापडा पाउरा कैनि जनप्रिय स्कुल हुदै सुनवर्षी | १८१४८८० | १८१४९ |
| ५ | मल्हनिया टोल देखि शिव मन्दिर जाने बाटो उ.स | ९१४००० | ९१४० |
| १६ | काटाथान हल्दीबारी सडक उ.स | २४३२००० | २४३२० |
| | वडा न. ६ झपडताल चोक उत्तर मियाटोल जाने बाटो उ.स | १४८६१५५ | १४८६१ |
| २२ | पटियापाडा चोक पूर्ब राजवान कल्भर्ट निर्माण उ.स | १२२०००० | १२२०० |
| २३ | पटियापाडा देखि कुन्यु जनप्रिय हुदै सुनवर्षी उ.स | ७१७१५०० | ७१७१५ |
| | **जम्मा** | **१७६६३२२३** | **१७६६३२** |

४५. **एकमुष्ठ वजेट व्यबस्था :** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ ।

**राष्ट्रपति चुरे संरक्षण बिकास कार्यकम**

४६. आयकरऐन २०५८को दफा ८८ अनुसार ढुवानीमा २.५ प्रतिशत अग्रिम कर कटट्ा गर्नु पर्नेमा १.५ प्रतिशतमात्र कट्टा गरेकोले घटी कटटा गरेको रकम सम्वन्धितबाट असुल गरि संघीय संचितकोषमा दाखिला हुनु पर्ने रु. २५२९४/-

| भौ नं | कामको विवरण | भूक्तानी रकम | छुट रकम |
|---|---|---|---|
| १,३ | बक्राहा नदी नियन्त्रण उपभोक्ता समिति सुनबर्षि ३ | १०६९५०० | १०६९५ |
| | बक्राहा नदी नियन्त्रण उपभोक्ता समिति सुनबर्षि २ | ५५४१०० | ५५४१ |
| | बक्राहा नदी नियन्त्रण उपभोक्ता समिति सुनबर्षि ६ | ९०५८०० | ९०५८ |
| | | **जम्मा** | **२५२९४** |

**नगरपालिका चाँलु तर्फः**

४७. **अन्य संघ संस्थाबाट कार्यक्रम/तालिम सञ्चालनः** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैर सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शि रहेको पाइएन । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ । साथै यस्तो तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र यस्ता विशेष शिप तथा क्षमता भएको कार्यक्रम उपभोक्ता समितिद्वारा सञ्चालन गर्न नहुने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

| गो.भा.नं. | सञ्चालन गर्ने | तालिम तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| २९९ | इन्जोइ नेपाल अनलाइन मिडिया | उद्घोषण सम्बन्धी तालिम | २००००० |
| ३०४,८१७ | मकालु मिडिया प्रा.लि. | सार्वजनिक सुनुवाई तथा डोकुमेन्ट्री प्रशारण | ३५०००० |
| ३९२ | ए.बि.सि. नन ओभन झोला उद्योग | लेडिज ब्याग, सपिङ्ग झोला निर्माण सम्बन्धी तालिम | ४७५००० |
| ४०६ | सगरमाथा सामुदायिक विकास | वन वातावरण तथा फोहोरमैला व्यवस्थापन तालिम | २५०८०० |
| ४५३ | जय नेपाल होटल म्यानेजमेन्ट टेक्नोलोजि ट्रेनिङ्ग प्रा.लि. | सिलाई कटाई, अगरबत्ति बनाउने, कम्प्युटर अपरेटर सम्बन्धी तालिम | ४००००० |
| ५१० | ताजपुरिया महिला उत्थान संघ | सिलाई कटाई तालिम | ८३५६५ |
| ८३१ | इन्जोइ नेपाल अनलाइन मिडिया | उद्घोषण सम्बन्धी तालिम | १२५००० |
| ८३७ | लालिगुँरास मल्टी टेक्नीकल इन्स्चीट्युट प्रा.लि. | एडभान्स कम्प्यूटर तालिम | २९१००० |
| ८३८ | जनहित विकास समाज | लैङ्गिक हिंसा विरुद्ध तालिम | १००००० |
| ८४२ | जी एस टेक्नीकल इन्स्चीट्युट प्रा.लि | कम्प्यूटर तालिम | १००००० |
| ८४४ | ओमसाई टेक्नीकल इन्स्चीट्युट प्रा.लि | उद्यम विकास तालिम | १००००० |
| ६७३ | न्यु सुपर भिजन टेक सोलुसन | विद्युत हाउस वायरीङ्ग तालिम | १००००० |
| | जी एस टेक्नीकल इन्स्चीट्युट प्रा.लि | कम्प्यूटर तालिम | १००००० |
| ८२७ | ताजपुरिया महिला उत्थान संघ | सिलाई कटाई तालिम | २१६४३५ |
| ७३० | वातावरण संरक्षण तथा सामाजिक रुपान्तरण नेपाल | डस्तविन वितरण मा.वि. हरुमा | १००००० |
| ७३४ | महिला समाज | महिलाहरुलाई जनचेतनामुलअभिमुखिकरण कार्यक्रम | १५०००० |

| | | | |
|---|---|---|---|
| ७३५ | नारी उत्थान फेड्रेशन | महिलाहरुलाई जनचेतनामुलअभिमुखिकरण कार्यक्रम | १५०००० |
| ७६१ | गौरी भक्त म्यानेजमेन्ट एण्ड टेक्जोलोजी प्रा.लि. | होमस्टे तालिम सञ्चालन | ५००००० |
| | **जम्मा** | | **३७९१८००** |

४८. **कर्मचारी प्रोत्साहन खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । नगरपालिकाले नगरपरिषदको निर्णयानुसार नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप तलबको २५ प्रतिशत रकम रु. १९,१५,४१०/-र गत आ.व. को छुट रकम लेखा तथा कार्यालय प्रमुखले प्रमाणित गरी रु. १०,३५,१९७ /- समेत गरी कुल रु. २९,५०,६०७/-वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट भुक्तानी भएको देखियो । उक्त सुविधा संघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले गत आ.व. को छुट र मिति २०७५ श्रावण देखि २०७६ आषाढ सम्म तदनुरुप लेखिएको खर्च नियमसम्मत नदेखिएको रु. २९५०६०७/-

४९. **बोर्डिङ्ग पास पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न अनुसारका कर्मचारी तथा पदाधिकारीलाई दैनिक भ्रमण भत्ता तथा अनुगमन मूल्याङ्कनको विल पेश गर्दा रु. १५,२००/- को प्लेनको बोर्डिङ्ग पास पेश नभएकोले पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. १५२००/-

| गो.भौ.नं | नाम | भ्रमण स्थान | भ्रमण अवधी | प्लेन भाडा |
|---|---|---|---|---|
| ९६ | प्रभु नाथ झा | विराट-काठ | ३/२९-४/४ | ५००० |
| ९६ | प्रभु नाथ झा | काठ-विराट | ३/२९-४/४ | ५००० |
| ७१ | अनिल खनाल | विराट-काठ | सरुवा भ्रमण | ५२०० |
| | **जम्मा** | | | **१५२००** |

५०. **खेलकुद कार्यक्रमः** नगरपालिकाले खेलकुद विकास कार्यक्रमतर्फ विनियोजित भएको बजेट मापदण्ड स्वीकृत नगरी विभिन्न व्यक्ति, समिति तथा संघ संस्थाहरुलाई विभिन्न सामग्री खरिद, प्रतियोगिता सञ्चालन जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त व्यक्ति तथा समितिहरुले खरिद गरेको सामग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता समितिहरुलाई नगरपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ती सामानको दाखिला तथा सदुपयोग बारे नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद विकास कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

| गो.भौ.नं. | विवरण | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|
| ३३७-०७५/१०/२१ | क्रिकेट सामाग्री खरिद | मो. जाकिर हुसैन | १००००० |
| ४१०-०७५/११/१४ | क्रिकेट सामाग्री खरिद | गणेश सरस्वती युवा क्लब | ७५००० |
| ४३०-०७५/११/२१ | क्रिकेट सामाग्री खरिद | कमल किशोर सिंह | ४०००० |
| ४७२-०७५/११/२९ | क्रिकेट सामाग्री खरिद | घनश्याम सिलवाल | ३०००० |
| ४८२-०७५/११/३० | क्रिकेट सामाग्री खरिद | घनश्याम सिलवाल | ५०००० |
| ५१४-०७५/१२/३ | जर्सी खरिद | रंजन रेग्मी | ३५००० |
| ५१८-०७५/१२/३ | जर्सी खरिद | बजरंगवली सप्लायर्स | ४०६८० |
| ५१९-०७५/१२/३ | क्रिकेट सामाग्री खरिद | रंजन रेग्मी | ४०१६६ |
| ५५५-०७५/१२/२५ | क्रिकेट सामाग्री खरिद | सुनवर्षी ट्रेडर्स | ५०००० |

| | | | |
|---|---|---|---|
| ६५७-०७६/२/६ | फुटबल प्रतियोगिता सञ्चालन | अमरदह ढल्के जोवन युवा क्लब | ५३०००० |
| १८९-०७६/३/९ | क्रिकेट सामग्री खरिद | हरी बहादुर बराल | ३५००० |

५१. **डोर हाजिरी आधारमा भुक्तानी:** स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ८६ अनुसार स्थानीय सेवाको गठन, संचालन, व्यबस्थापन, सेवाका शर्त तथा सुविधा सम्वन्धि आधारभूत सिद्धान्त र मापदण्ड सघीय कानून बमोजिम हुने व्यबस्था रहेको छ । स्थानीय सेवाको गठन, संचालन, व्यबस्थापन, सेवाका शर्त तथा सुविधा सम्वन्धि अन्य व्यबस्था स्थानीय तहले वनाएको कानून वमोजिम हुनेछ । नगरपालिकाले ६ जना अन द जब ट्रेनिङ्गमा आएका इन्जिनियरिङ्ग विद्यार्थिहरुलाई डोर हाजिरीका आधारमा अन्य सेवा शुल्क शिर्षकबाट रु. ३,६६,०६८/- भुक्तानी भएको देखियो ।

५२. **आर्थिक सहयोगः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी कार्यपालिकाले नगरपरिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । नगरपालिकाले कार्यक्रम अन्य सहायता खर्च, दैवि प्रकोप खर्च लगायतका शिर्षकमा रु. १६,९०,०००/- रकम विनियोजन गरी आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार रु. १०,०००/- सम्म र कार्यपालिका निणर्यद्धारा रु. १०,०००/- भन्दा बढी आर्थिक सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरणको लागि मात्र नगरपालिकाले प्रभुनाथ झा लाई पटक पटक पेश्की उपलब्ध गराइ खर्च सोधभर्ना गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकता अनुसार मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

५३. **पदाधिकारी मार्फत कार्यक्रमः** नगर कार्यपालिका तथा नगरपालिका सभाले कार्यक्रम तथा वजेट पारित गरि नगरपालिमा संचालन हुने सम्पूर्ण कार्यक्रमको लागि प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिई कर्मचारी मार्फत कार्यक्रम संचालन गर्नु पर्नेमा अनुगमन तथा नियन्त्रणको भूमिकामा रहनु पर्ने पालिकाका पदाधिकारीलेनै कार्यक्रम संचालन गरेको भनि निम्नुसारको खर्च पेश्की लिई वा सोधभर्ना लिई तपसिल वमोजिमको कार्यक्रम संचालन गरेको नियम सम्मत देखिएन ।

| गो भौ. नं. | पदाधिकारी नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| ६-०७५/६/९ | वडा अध्यक्ष कमल किसोर सिंह गनगाई | ओ.डि.एफ सरसफाई कार्यक्रम | १२७५२० |
| ४३-०७५/६/१७ | वडा अध्यक्ष तेज नारायण ताजपुरिया | ओ.डि.एफ सरसफाई कार्यक्रम | १५०००० |
| ७९-०७५/६/२१ | वडा अध्यक्ष प्रकाश यादव | ओ.डि.एफ सरसफाई कार्यक्रम | १५०००० |
| ८०-०७५/६/२१ | वडा अध्यक्ष प्रकाश यादव | ओ.डि.एफ सरसफाई कार्यक्रम | ७५००० |
| ८७-०७५/६/७ | वडा अध्यक्ष राजेन्द्र कुमार दास | ओ.डि.एफ सरसफाई कार्यक्रम | २००००० |
| १००-०७५/७/२१ | वडा अध्यक्ष प्रताप तामाङ्ग | विद्युत जडान कार्य | ३००००० |
| १९९-०७५/८/२४ | वडा अध्यक्ष प्रकाश यादव | विपद व्यवस्थापन असहाय सहयोग | ५०००० |

५४. **दोहरो भत्ताः** १३-०७६।९।१ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐनको दफा ३ (२) मा पदाधिकारीले जतिसुकै पटक कार्यपालिका तथा विभिन्न समितिहरुको बैठकमा सहभागी भए पनी दुई वटा भन्दा बढी बैठक भत्ता पाउने छैन भनी उल्लेख छ । नगरपालिकाले आफ्नो अन्तर्गत रहेको ९ वटा वडाका वडाध्यक्षहरु तथा ५ कार्यपालिका

| | | |
|---|---|---|
| | सदस्यहरुलाई मासिक रुपमा कार्यपालिका बैठकको रकम भुक्तानी गरेकोमा पुनः वडा समितिको बैठकमा सहभागी भए बापत बैठक भत्ता रु. ३,६४,०००/- ऐन विपरित भुक्तानी दिएको देखिएकाले असुल गर्नुपर्ने रु....... | ३६४०००/- |

| सि.नं | पदाधिकारी नाम | पद | दर | संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १. | श्री टेक बहादुर भट्टराई | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| २. | श्री प्रताप तामाङ्ग | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ३. | श्री टेक बहादुर विष्ट | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ४. | श्री श्रवण कुमार राजवंशी | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ५. | श्री राजेन्द्र कुमार दास | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ६. | श्री तेजनारायण ताजपुरिया | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ७. | श्री प्रकाश यादव | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ८. | श्री नरुल मियाँ | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| ९. | श्री कमल किशोर सिंह | वडा अध्यक्ष | २००० | १३ | २६००० |
| १०. | श्री सिता दाहाल | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| ११. | श्री शोभा कुमारी कार्की | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १२. | श्री सुमित्रा देवी मण्डल | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १३. | श्री गायत्री कुमारी दास | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| १४. | श्री बबिता देवी साह | कार्यपालिका सदस्य | २००० | १३ | २६००० |
| | **जम्मा** | | | | **३६४०००** |

| | | |
|---|---|---|
| ५५. | **नगर सभा भत्ता :** १३-०७६।९।१ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ४ को अनुसूची २ मा नगर सभा संचालन भएको बैठक भत्ता बारे उल्लेख छ । उक्त व्यवस्था अनुसार नगरपालिका प्रमुखले रु. १५००/- उपप्रमुखले रु. १२००/- र सदस्यले रु. १०००/- का दरले भत्ता वितरण गर्नुपर्नेमा नगरपालिकाले असारमा सञ्चालन भएको नगर सभामा पदाधिकारीहरुलाई ऐनमा व्यवस्था नभएको यातायात खर्च रु. ५०० का दरले ५० जना लाई ५ दिनको रु. १,२५,०००/- भुक्तानी गरेको पाइयो । ऐन विपरित भुक्तानी भएको रु. १,२५,०००/- असुल गर्नुपर्ने रु. | १२५०००/- |
| ५६. | **पदाधिकारी पारिश्रमिक:**१३१-०७५।६।२१गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त व्यवस्था अनुसार नगरपालिका प्रमुखले रु. २३,०००/- उपप्रमुखले रु. २०,०००/- वडा अध्यक्षले रु. १४,००० /- कार्यपालिका सदस्यले रु. ६,५००/- वडा सदस्यले रु. ४,५००/- का दरले पाउने व्यवस्था भएकोमा नगरपालिकाले नगर परिषदको निति, निणर्य तथा कार्यक्रमको बुँदा नं. ३२ को निर्णयानुसार नगर प्रमुखलाई मासिक रु. ४५,०००/-, नगर उप प्रमुखलाई मासिक रु. ३५,०००/-, वडाअध्यक्षलाई मासिक रु. २५,०००/-, कार्यपालिका सदस्यलाई मासिक रु. १२,०००/-, र वडा सदस्यलाई मासिक रु. ७,०००/- का दरले आ.व. २०७४।७५ को छुट र आ.व. २०७५।७६ को श्रावण देखि असोज महिना सम्मको सुविधा बापतको रकम भुक्तानी भएको देखियो । ऐन विपरित नगरकार्यपालिकाबाट निर्णय गरी भुक्तानी लिएको रकम रु. ३८,६२,५००/-सम्वन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु. | ३८६२५००/- |

| पदाधिकारी | संख्या | पाउने सुविधा | निणर्य अनुसार लिएको रकम | फरक थप रकम | कुल महिना | थप भुक्तानी |
|---|---|---|---|---|---|---|
| नगर प्रमुख | १ | २३००० | ४५००० | २२००० | १५ | ३३०००० |
| नगर उपप्रमुख | १ | २०००० | ३५००० | १५००० | १५ | २२५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा अध्यक्ष | ९ | १४००० | २५००० | ११००० | १५ | १४८५००० |
| कार्यपालिका सदस्य | ८ | ६५०० | १२००० | ५५०० | १५ | ६६०००० |
| वडा सदस्य | ३१ | ४५०० | ७००० | २५०० | १५ | ११६२५०० |
| **जम्मा** | | | | | | **३८६२५००** |

५७. **पदाधिकारी पारिश्रमिकः**१३१-०७५।६।२१गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐनमा नगरपालिकाका पदाधिकारीले चाडपर्व खर्च कार्यपालिकाको निणर्य गरेर पाउने व्यवस्था रहेकोमा नगरपालिकाले आ.व. २०७४।७५ को चाडपर्व खर्च कार्यपालिकाको निर्णय बेगर ५० जना पदाधिकारीहरुलाई रु. १०,०००/- का दरले भुक्तानी दिएको रकम रु. ५,००,०००/- अनियमित देखिएको रु. ५०००००/-

५८. **सरसफाई कार्यक्रम खर्चः** नगरपालिकाले यस वर्ष ओ.डि.एफ. सरसफाई कार्यक्रम अन्तगर्त खुल्ला दिशामुक्त क्षेत्र बनाउन देहाय अनुसार रिङ्ग निर्माण तथा वितरण गर्न रु.१३,९७,४८०/- र सरसफाई घोषणा कार्यक्रममा रु. ८,२५,६९५/- समेत कुल रु. २२,२३,१७५/- खर्च गरेको छ । रिङ्ग निर्माण गर्न विभिन्न सामाग्री खरिद गरेको विल भरपाई पेश भएकोमा रिङ्ग के कती मात्रामा बनेको हो सो खुल्ने कार्य स्वीकार प्रतिवेदन र नापी किताब पेश गरेको पाइएन । साथै रिङ्ग वितरण गरेको ल्याप्चे छाप भरपाई मात्र संलग्न रहेकोले रिङ्ग निर्माण भएर वितरण भएको हो भन्ने विश्वस्नीय आधार एकिन हुन सकेन । साथै लागत अनुमान तयार गरेर खर्च गर्नुपर्नेमा सो समेत गरेको पाइएन । उक्त सरसफाई घोषणा गर्न पटक पटक वडाहरुमा कार्यक्रम सञ्चालन गरेको पाइयो र पुनः नगरस्तरिय घाोषणा कार्यक्रम समेत गरेको पाइयो । सरसफाई कार्यक्रममा मायाको चिनो, टौलिया, गम्छा, नेपालको नक्शा, दोसल्ला, फोटो फ्रेम जस्ता सामाग्री पटक पटक खरिद गरेर खर्च लेखेको पाइयो । उक्त सामाग्रीहरु जिन्सी दाखिला गर्नुपर्नेमा सो समेत गरेको पाइएन । नगरपालिकाले यस्तो कार्यक्रम गर्दा मितव्ययीता अपनाउनुपर्ने देखियो । लागत अनुमान कार्य स्वीकार तथा नापी किताब संलग्न नभई रिङ्ग निर्माण गरेको खर्च नियम सम्मत नदेखिएको रु.... १३९७४८०/-

| **भौ.नं.** | **भुक्तानी लिने** | **कार्य विवरण** | **रकम** |
|---|---|---|---|
| ६ | व.अ. कमल किशोर सिंह गनगाई | सरसफाई घोषणा कार्यक्रम | १२७५२० |
| ८० | व. अ. प्रकाश यादव | सरसफाई घोषणा कार्यक्रम | ७५००० |
| २९७ | खरिदार घनश्याम सिलवाल | सरसफाई घोषणा कार्यक्रम | १२७९८० |
| ३२२ | सि.अ.हे.व. अभिमन्यु दास | सरसफाई घोषणा कार्यक्रम | ४९५१९५ |
| **सरसफाई घोषणा कार्यक्रमको कुल खर्च** | | | **८२५६९५** |
| ४२ | व.अ. तेज नारायण ताजपुरिया | रिङ्ग निर्माण तथा वितरण | १५०००० |
| ७९ | व. अ. प्रकाश यादव | रिङ्ग निर्माण तथा वितरण | १५०००० |
| ८२ | खुल्ला दिशामुक्त उ.स. | रिङ्ग निर्माण तथा वितरण | २००००० |
| ८७ | व.अ. राजेन्द्र कुमार दास | रिङ्ग निर्माण तथा वितरण | २००००० |
| १९४ | खरिदार घनश्याम सिलवाल | रिङ्ग निर्माण तथा वितरण | १५०००० |
| ३०३ | का.स. मो. जाकिर हुसैन | रिङ्ग निर्माण तथा वितरण | ५४७४८० |
| **रिङ्ग निर्माण तथा वितरणको कुल खर्च** | | | **१३९७४८०** |
| **कुल जम्मा** | | | **२२२३१७५** |

५९. **विद्युत पोलमा बत्ति जडानः**१००-०७५।६।२१ नगरपालिका वडा नं. २ मा विद्युत पोलमा बत्ति जडान गर्ने कार्यको लागि वडा अध्यक्ष श्री प्रताप तामाङ्गलाई रु. ३,००,००० भुक्तानी दिएको पाइयो । उक्त रकमले बत्ति खरिदको विल भर्पाई पेश भएको तर उक्त सामान जिन्सी खातामा दाखिला भएको पाइएन, साथै उक्त कार्य भए नभएको एकिन हुने प्रमाण कागजात पेश भएको देखिएन । कर्मचारी मार्फत कार्यक्रम संचालन गर्नु पर्नेमा अनुगमन तथा नियन्त्रणको भूमिकामा रहनु पर्ने पालिकाका पदाधिकारीलेनै कार्यक्रम संचालन गरेको र सो कार्य भएको एकिन हुने प्रमाण कागजात पेश नगरी

| | | |
|---|---|---|
| | खर्च लेखिएको रकम अनियमित भएको रु.... | ३०००००/- |
| ६०. | **मेयर कप क्रिकेट :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्दा सिमित हुने गरी टुक्राटुक्रा गरी खरिद गर्नु नहुने ब्यवस्था छ । आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ७६ (१) मा कार्यालयले सोझै विक्रेतालाई भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । नगर स्तरीय मेयरकप क्रिकेट प्रतियोगिता संचालनको लागि आवश्यक पर्ने रु १२,७५,०००/- को सामान कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नु पर्नेमा मेयर कप क्रिकेट उपभोक्ता समिति गठन गरी आयोजक समितिलाइ पटक पटक गरी पेश्की उपलब्ध गराई विभिन्न सामाग्रीहरु जस्तै एल.ई.डि. टि.भि., मोवाइल सेट, चाँदीको ट्रफि, खेलकुद सामाग्री आदि सोझै खरिद गरेको पाइयो ।खेलकुद कार्यक्रममा खरिद हुनु पर्ने सामानहरु यकिन गरी लागत अनुमान तयार गरेको पाइएन र खरिद भएका सामानहरु आयोजक समितिले दाखिला समेत गरेको देखिएन । साथै उक्त कार्यक्रमको लागि विभिन्न वडा हरुले पुनः पटक पटक सामाग्री खरिद गरेको समेत पाइयो । उक्त क्रिकेट कप प्रतियोगिता सञ्चालनमा भएको खर्च सार्वजनिक गर्नुपर्नेमा सो गरेको देखिएन । विल भपाईमात्र पेश गरी समितिले रु. १२,७५,०००/- खर्च जनाएको छ । नगरपालिकाले यस्तो खर्चमा नियन्त्रण गरी उपलब्धीमुलक र नतिजामुलक क्षेत्रमा लगानी गर्नु पर्दछ । | |
| ६१. | **कमल पोखरी पर्यटन प्रर्वद्धन:**६३७-०७६।१।२५नगरपालिकाले पर्यटन प्रर्वद्धन कार्यक्रम अन्तर्गत कमल पोखरी पर्यटन विकास निर्माण उपभोक्ता समितिलाई कमलपोखरी सरसफाईबापत डोर हाजिरी पेश गरी रु. ५,३१,१०८/- भुक्तानी गरेको छ । उक्त सरसफाई के कति क्षेत्रमा भएको हो सो खुल्ने लागत अनुमान नापी किताब तथा उपभोक्ता बिल संलग्न भएको देखिएन । नापी किताब तथा उपभोक्ता विल बेगर खर्च लेखेको रकम रु. ५,३१,१०८/- एकिन हुन सकेन । | |
| ६२. | **छाता खरिद:** ६९१-०७६।२।१७ नगरपालिकाले स्वास्थ्य शाखाको कार्यक्रम अन्तर्गत गर्भवती आमाहरुलाई नियमित जाँच गरेबापत छाता वितरण गर्ने उद्देश्यले दिक्षान्त प्रगती सप्लायर्स एण्ड ट्रेडर्सबाट ४५० थान छाता खरिद गरी रु. ३,९९,१७२/- भुक्तानी गरेका छ । उक्त छाताहरु नगरपालिकाको जिन्सी खातामा दाखिला नगरी विभिन्न स्वास्थ्य चौकीहरु मार्फत वितरण गरेको पाइयो । खरिद गरेको छाता एकिन गरी दाखिला गर्नुपर्ने र सो बमोजिम हस्तान्तरण गरी वितरण वितरण गरेको प्रमाण पेश हुनुपर्दछ । | |
| ६३. | **जिन्सी मौज्दात:** ७२७-०७६।३।१ नगरपालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुलाई वितरण गर्न भनी ३०० थान कुर्सि मोहन ट्रेडर्स एण्ड सप्लार्यसबाट खरिद गरे बापत रु. २,९७,६४२/- भुक्तानी गरेकोमा लेखापरीक्षण अवधी सम्म पनि उक्त कुर्सिहरु वितरण गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा मालसामान खरिद गरी मौज्दात राखेको उचित नदेखिको रु. | २९७६४२/- |
| ६४. | **शिक्षा क्षेत्रमा अनुदान:** नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु मार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न अनुदान वितरण गरेकोमा तपशिल बमोजिमको व्यहोरा देखिन आयो : | |
| ६५. | **प्रोत्साहन भत्ता:** विद्यालय कर्मचारी, श्रोत व्यक्ति, प्रधान अध्यापक., वालविकास सहयोगी कार्यकर्ताहरुको तलब भत्ता तथा सेवा सुविधा शसर्त कार्यक्रम तर्फ रहेकोमा नगरपालिकाले समानिकरण चालु शिर्षक बाट समेत बजेट विनियोजन गरी निणर्य बमोजिम प्र. अ., श्रोत व्यक्ति, वालविकास सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन तथा फिल्ड भत्ता वितरण गरेको पाइयो । संघले सेवा सुविधा तोकेको कर्मचारीहरुलाई नगरपालिकाले निर्णय गरी प्रोत्साहन स्वरुप वितरण गरेको रकम अनियमित देखिएको रु. | १६१३२०८/- |

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| ११९ | प्र.अ. र वालविकास स.का. प्रोत्साहन तथा फिल्ड भत्ता | २४९००० |
| २३० | श्रोत व्यक्ति प्रोत्सहन र फिल्ड भत्ता | १९७५० |
| ४४९ | प्र.अ. र वालविकास स. का. प्रोत्साहन तथा अभिभावक भेला | ६८६४५८ |
| ६५५ | प्र.अ. प्रोत्साहन | ११२००० |
| ६९० | प्र.अ. र वालविकास स का प्रोत्साहन तथा फिल्ड भत्ता | २७३००० |

| | | |
|---|---|---|
| ७९१ | प्र.अ. र वालविकास स का प्रोत्साहन तथा फिल्ड भत्ता | २७३००० |
| | **जम्मा** | **१६१३२०८** |

६६. **शिक्षकलाई अनुदानः** शिक्षा नियमावली, २०५५ को नियम १०५ मा सामुदायिक विद्यालयले आफ्नै श्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब तथा अन्य सुविधा विद्यालय आफैले व्यहोर्नु पर्ने छ भनी उल्लेख छ । नगरपालिकाले अंग्रेजी माध्यम कक्षा सञ्चालन बापत करार शिक्षकहरुको तलब भत्ताको लागि विद्यालय खातामा अनुदान रकम रु.४०,६०,०००/- जम्मा गरेको नियमसम्मत नदेखिएको रु.... ४०६००००/-

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| ११९ | शिक्षण व्यवस्थापन अन्तर्गत शिक्षकलाई तलब | ७२०००० |
| ४४९ | शिक्षण व्यवस्थापन अन्तर्गत शिक्षकलाई तलब | १४००००० |
| ६५५ | शिक्षण व्यवस्थापन अन्तर्गत शिक्षकलाई तलब | ५००००० |
| ६९० | शिक्षण व्यवस्थापन अन्तर्गत शिक्षकलाई तलब | ७२०००० |
| ७९१ | शिक्षण व्यवस्थापन अन्तर्गत शिक्षकलाई तलब | ७२०००० |
| | **जम्मा** | **४०६००००** |

६७. नगरपालिकाले विभिन्न विद्यालयहरुलाई परीक्षा व्यवस्थापन खर्च, जस्तापाता छाउने कार्य, विद्यालय फिल्ड निर्माण, विद्युत जडान जस्ता पूजिँगत कार्यहरु विभिन्न कार्यक्रम मार्फत गरी रु. ५,९२,१२०/- खर्च लेखेको देखियो ।

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| २२९ | स्रोतकेन्द्रको बैठक हल फर्निचर खरिद | ४४६३५ |
| २२९ | प्रश्नपत्र तथा उत्तरपुस्तीका छपाई | १८८८२३ |
| ३५९ | प्रश्नपत्र तथा उत्तरपुस्तीका छपाई | ८५९९४ |
| ६३० | गजाधर मा.वि. मा कुर्सि, टेबुल खरिद | ४०००० |
| ७६२ | लोक कल्याणकारी आ.वि.मा छाना मर्मत खर्च | ५०००० |
| ७६६ | रत्न आ.वि. मा विद्युत विस्तार कार्यक्रम | १००००० |
| ७६७ | रत्न आ.वि. मा फिल्ड मर्मत | ४७५७८ |
| ७९१ | परीक्षा व्यवस्थापन खर्च | ३५०९० |
| | **जम्मा** | **५९२१२०** |

६८. **पाठ्यपुस्तक वितरणः** ७१२-०७६।२।२१ विद्यालयहरुलाई पाठ्य पुस्तक खरिदको लागि शर्शत कार्यक्रम तर्फबाट उपलब्ध हुने व्यवस्था रहेको छ । नगरपालिकाले अंग्रेजी माध्यम कक्षा सञ्चालन गर्ने नगरपालिका स्थित विभिन्न ३६ वटा विद्यालयहरुलाई कार्यपालिका निणर्य बमोजिम कक्षा नर्सरी, के.जि. र एकका विद्यार्थिहरुको लागि पाठ्यपुस्तक खरिद वापत जे.बि.डि. पव्लिकेशनलाई रु. १३,७३,७०७/- भूक्तानी गरेको पाइयो ।

६९. **कृषि, पशु, महिला बालबालीका तथा जेष्ठ नागरिक कार्यक्रमः** नगरपालिकाले यस आर्थिक वर्ष कृषि, पशु, महिला बालबालीका तथा जेष्ठ नागरिकक्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । नगरपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण आदि शसर्त तथा निशर्त रुपमा पटक पटक गरेको देखिन्छ । उक्त वितरणमुखी कार्यक्रमहरुले कृषि, पशु, महिला बालबालीका तथा जेष्ठ नागरिक क्षेत्रमा उल्लेखनिय प्रतिफल प्राप्त भएको देखिएको छैन ।कार्यालयबाट अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी तथा तालिम जस्ता शसर्त तथा निशर्त कार्यक्रमहरु मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको पाइन्छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| | | |
|---|---|---|
| ७०. | **भ्रमण खर्चः** १६०-०७५।६।२१गाँउ तथा  नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १ (ख) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ। उक्त ऐनमा नगर प्रमुखले स्वदेशमा भ्रमण गर्दा रु. १,८००/- का दरले दैनिक भ्रमण भत्ता पाउने उल्लेख भएकोमा नगरपालिकाले नगर प्रमुख लाई विभिन्न मितिमा विराटनगर तथा काठमाण्डौ भ्रमण गर्दा जम्मा १९ दिन को भ्रमण भत्ता भुक्तानी गर्दा रु. २,०००/- का दरले भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था भएको भन्दा बढी दरले भुक्तानी भएको रु. ३,८००/- असुल गर्नुपर्ने रु. | ३८००/- |
| ७१. | **पदाधिकारी बैठकः** १६१-०७५।८।१० गाँउ तथा  नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ। उक्त ऐनको दफा ४ मा पदाधिकारीले जतिसुकै पटक सभाद्धारा गठित विषयगत समितिहरुको बैठक बसे पनी एक महिनामा एक वटा बैठकको मात्र बैठक भत्ता पाइने र बैठक भत्ता सभाको बैठक भत्ता सरह हुने भनी उल्लेख छ। नगरपालिकाले श्रावन देखि असोज सम्म सामाजिक विकास तथा आर्थिक विकास समितिको बैठक ५ पटक बसेको भनी रु. १,३०,००० /- खर्च लेखेको छ। ऐन भन्दा बढी संख्यामा बैठक बसेको तथा बढी दरले भत्ता वितरण गरेको रु.७६,९००/- असुल गर्नुपर्ने रु. | ७६९००/- |

| **क.स.** | **नाम** | **बैठक संख्या** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| १. | नुरुल मिया | ५ | १०००० | ७००० |
| २. | सुमित्रा देवी मण्डल | ४ | ८००० | ५००० |
| ३. | लखिराम सतार | ३ | ६००० | ३००० |
| ४. | रोहिणी आचार्य | ५ | १०००० | ७००० |
| ५. | काली प्रसाद दास | ४ | ८००० | ३५०० |
| ६. | मञ्जु कुमारी राई | ४ | ८००० | ४४०० |
| ७. | अनिल खनाल | ४ | ८००० | ५००० |
| ८. | पुर्ण लाल ताजपुरिया | ४ | ८००० | ५००० |
| ९. | टेक बाहादुर बिष्ट | ३ | ६००० | ३००० |
| १०. | कमल किशोर सिंह | ४ | ८००० | ५००० |
| ११. | बबिता देवी साह | २ | ४००० | २००० |
| १२. | राम नारायण मण्डल | २ | ४००० | २००० |
| १३. | शुभनारायण यादव | २ | ४००० | २००० |
| १४. | निलेश सापकोटा | ५ | १०००० | ७००० |
| १५. | हैदर आली | १ | २००० | १००० |
| १६. | सुनिता भट्टराई | २ | ४००० | २००० |
| १७. | अभिमन्यु दास | २ | ४००० | २००० |
| १८. | संजय कार्की | ३ | ६००० | ३००० |
| १९. | प्रतित भण्डारी | ५ | १०००० | ७००० |
| २०. | रंजित कुमार झा | १ | २००० | १००० |
| | **जम्मा** | | | **७६९००** |

| | | |
|---|---|---|
| ७२. | **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ९ अनुसार निम्न पदाधिकारी तथा कर्मचारीले लिएको पेश्की आर्थिक बर्षको अन्तसम्म पनि फछ्र्योट नभएकोले नियमानुसार असुल फछ्र्योट हुनु पर्ने रु. | ९३००००/- |

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १. | २०७६/२/२ | सि.अ.हे.व.श्री अभिमन्यु दास | १५०००० |
| २. | २०७५/६/२१ | श्री कर्ण सिंह गनगाँई | २००००० |
| ३. | २०७५/११/१२ | का.स. मो. जाकिर हुसौन | २००००० |
| ४. | २०७६/२/१६ | सि.अ.हे.व.श्री अभिमन्यु दास | १५०००० |
| ५. | २०७५/११/२९ | ना.प.से.प्रा. श्री रन्जित कुमार झा | ८०००० |
| ६. | २०७६/२/२ | खरिदार श्री रजंन रेग्मी | १५०००० |
| | | **जम्मा** | **९३००००** |

| | | |
|---|---|---|
| ७३. | **भ्रमण आदेश /भ्रमण भत्ताको विजकः-**भ्रमण खर्च नियमावली, २०६४ अनुसार कुनै पनी पदाधिकारीले भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काज जान हुदैन भ्रमण खटिने पदाधिकारी वा कर्मचारी ले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ अवश्यक विल सम्वन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका पदाधिकारी र अगुवा कृषक कृषि सम्वन्धि अवलोकन भ्रमणमा मोरङ्ग सुनसरी झापा इलाम गएको देखिन्छ । भ्रमणमा सहभागि व्यक्ति खुलेको छैन र भ्रमण अवधिको भ्रमण भत्ता रकम बुझिलिनेको भर्पाइ पेश भएको छैन ।अवलोकन भ्रमणमा जादाको स्वीकृत भ्रमण आदेश र भ्रमण विल र भर्पाइ वेगर भुक्तानी भएको देखिएको रकम रु २१४१२५। असुल गर्नुपर्ने रु | २१४१२५/- |
| ७४. | **विल भपाईः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले रंजित कुमार झाको भौ नं. ५ वाट रु. १३५०००।- को पेश्की फछ्र्यौट गर्दा रु.२०००।- र भौचर नं. ६ वाट रु ३९७०००।- को पेश्की फछ्र्यौट गर्दा रु.४४९५।- को विल भर्पाइ नपुग रकम रु. ६४९५।- असुल गर्नुपर्ने रु. | ६४९५/- |
| ७५. | **विल भपाईः-(८७५/२०७५।३।३१)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सि.अ.हे.व. अभिमन्यु दासको पेश्की फछ्र्यौट गर्दा विल विजक संलग्न गरेको नदेखिएकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १०८०००/- |
| ७६. | **सम्झौताः-(८४२/२०७५।३।३०)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले जि.एस. टेक्निकल इन्स्टिच्युट लाई सम्झौता गर्दा तालिम संचालन वापत केकति रकम भुक्तानी गर्ने हो सो उल्लेख नगरी सम्झोता बेगर रु. १०००००।- भुक्तानी गरेको देखिन्छ । कार्यालयले सम्झौता गर्दा रकम तोकी सोही अनुसार खर्च गर्ने तर्फ ध्यान दिनु जरुरी देखिन्छ । कार्यालयले भुक्तानी गरेको उक्त रकम नियमित गर्नुपर्ने रु. | १०००००/- |
| ७७. | **भ्रमण आदेश /भ्रमण भत्ताको विजकः-**भ्रमण खर्च नियमावली, २०६४ अनुसार कुनै पनी पदाधिकारीले भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काज जान हुदैन भ्रमण खटिने पदाधिकारी वा कर्मचारी ले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल सम्वन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । वडा सचिव रंजन रेग्मीलाई विभिन्न मितिमा भुक्तानी भएको रकम रु.२६३००।- स्वीकृत भ्रमण आदेश वेगर भुक्तनी भएको देखिएकोले अनियमित देखिएको रु. | २६३००/- |
| ७८. | **दाखिला प्रतिवेदनः-(८४५/२०७५।३।३१)** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कुनै पनि सामान खरिद भइसकेपछि जिन्सी कितावमा दाखिला गर्नुपर्ने व्यवस्था गरेका छ । कार्यालयले जगदिश राजवंशिको पेश्की रकम फछ्र्यौट गर्दा रु.३१५९०।- मा खरिद भएका सामानहरु जिन्सी दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु. | ३१५९०/- |
| ७९. | **दाखिला प्रतिवेदनः-(८४५/२०७५।३।३१)**आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कुनै पनि सामान खरिद भइसकेपछि जिन्सी कितावमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले दहाल सप्लायर्स एण्ड ट्रेडवाट खरिद गरेको क्यानन् प्रिन्टर दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण | १४६५६/- |

| | | |
|---|---|---|
| | पेश गर्नुपर्ने रु. | |
| ८०. | **कार्य सम्पन्न प्रतिवेदन-(८०६/२०७६।३।२४)**सार्वजनिक खरिद ऐन, २०६४ अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मुश्लिम विकास नगर समितिलाई शौचालय निर्माण वापत रु.२०००००।- भुक्तानी भएकोमा उक्त कार्यको लागत अनुमान, रनिङ्ग विल, नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु. | २०००००/- |
| ८१. | **न्यायिक समितिः-(८१६/२०७६।३।२७)** कार्यालयले अधिवक्ता सिताराम राईलाई न्यायिक समितिको काममा सहयोग गरेको भनी २०७५श्रावण देखि २०७६ असाढ सम्मको रु १२९५५७- भुक्तानी भएको छ । सेवा परामर्श भनी भुक्तानी भएको रकम को सम्झौता पत्र पेश नभएकोले सम्वन्धित संगको करार सम्झौता पेश पेश हुन नआएको रु. | १२९५००/- |
| ८२. | **विल भपाईः-(८१८/२०७५।३।२६)**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले नारी दिवस कार्यक्रममा प्रगतिशिल समाजलाई रु.४८४२२।- भुक्तानी दिदा रु.६७४१।- विजक पेश नभएकोले असुल गर्नुपर्ने रु. | ६७४१/- |
| ८३. | **विल भपाईः-(८१८/२०७५।३।२६)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सिलाई कटाई तालिम संचालन वापत ताजपुरिया महिला उत्थान संघलाई रु १९७२३५।- भुक्तानी भएकोमा संचालित तालिमको उपस्थिति विवरण तालिम प्रतिवेदन पेश भएको नदेखिएकोले कार्यालयले विल भपाई सहित खर्च लेख्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| ८४. | **अनुगमन भत्ताः-**कार्यालयले शिक्षा सम्वन्धि कार्यक्रमको अनुगमन गरेको भनी नगरपालिका प्रमुख सहितका विभिन्न पदाधिकारी लाई अनुगमन प्रतिवेदन पेश नगरी रु २५५००। भुक्तानी गरेको पाइयो प्रदेश सरकारले स्वीकृत गरेको स्थानिय तहका पदाधिकारी को सेवा सुविधा सम्वन्धि ऐनमा अनुगमन शिर्षकमा मासिक भूक्तानी भएकोमा स्थानिय तहका पदाधिकारीहरुले अनुगमन बापत थप दिएको अनुगमन भत्ता दोहोरो देखिको असुल हुनु पर्ने रु. | २५५००/- |
| ८५. | **कृषि सामाग्रीः-(८५३/२०७६।३।३१)** कार्यालयले जी.पी.एण्ड एम.के. इन्टरप्राइजेज वाट रु २९८४७१। को २६ थान हेन्ड पम्प सेट सहित अन्य फिटिङ्ग सामग्री खरिद भएकोमा उत्त सामानहरु वितरणगरेको पाइएन । कार्यालयले उक्त समानहरु वितरणको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २९८४७१/- |
| ८६. | **ठेक्का रकमः-(२०७६।३।३१)** कार्यालयले सुवासचन्द्र गिरी लाई पोखरी ठेक्का लिए वापत २०७५।५।२० मा सम्झौता गरी आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ को प्रति वर्ष रु.२७२०००।- का दरले सम्झौत भएको पाइयो । सोही अनुसार आ.व. २०७५।७६ को ठेक्का सम्झौता रकम सुवास चन्द्र गिरीले रु.२७२०००।- कार्यालयमा बुझाएकोमा पछी स्थानियले कार्य गर्न नदिएको भनी निवेदका आधारमा कार्यालयले निजलाई रु. ३१७०००। कार्यसम्पादन जमानत समेतको रकम फिर्ता गरेको छ । सम्झौताको वुदां नं. (ग) मा सम्झौतामा तोकिएको रकम म्याद भित्र नवुझाएमा निजको जमानत स्वरुप राखेको रकम जफत गरिनेछ भनी उल्लेख छ । ठेक्का सम्झौता भइसकेको कार्यमा ठेक्का तोडेमा कार्यसम्पादन जमानत जफत हुने व्यवस्था भएकोमा कार्यालयले ठेक्का को कवोल रकम सहित कार्य सम्पादन जमानत फिर्ता दिएको रकम जिम्मेवार पदाधिकारीबाट असुल हुनु पर्ने रु | ३१७०००/- |
| ८७. | **विल भपाईः-(८२९/२०७५।३।२७)**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले वडा सचिव रंजन रेग्मी को कृषि तालिम को रु.५००००।- को पेश्की फछ्र्यौट गर्दा रु. ३३२००।- को मात्र विल भर्पाइ आएकोले नपुग रकम रु.१६८००।- त्यसैगरी ओ.डि.एफ. कार्यक्रमको रु १०००००।- को पेश्की फछ्र्यौट गर्दा ९३७०५।-को मात्र विल भर्पाइ आएकोले नपुग रकम रु. ६२९५।- र स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रमको रु. १०००००।- को पेश्की फछ्र्यौट गर्दा रु. ७७५१०।- को मात्र विल भर्पाइ आएकोले नपुग रकम रु. १९४९०।- र सहकारीता तालिमको रु.५००००।- को पेश्की फछ्र्यौट गर्दा रु. २६४००।- को मात्र विल भर्पाइ पेश भएकोले नपुग रकम रु. २३६००।- गरी जम्मा रकम रु. ६६१८५।- असुल गर्नुपर्ने रु. | ६६१८५/- |

| | | |
|---|---|---|
| | (क) उल्लेखित कार्यक्रममा रु. ५१००।- कर कट्टी भएको रकम दाखिला भएको प्रमाण पेश नभएको रु. | ५१००/- |
| | (ख) उल्लेखित कार्यक्रममा रु.४१००।- को स्वीकृत भ्रमण आदेश वेगर खर्च लेखेको भ्रमण आदेश पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु. | ४१००/- |
| ८८. | **एम्वुलेन्सः-(८६४/२०७५।३।३१)** कार्यालयले मासिक रु.२५०००।- का दरले भुक्तानी दिने गरी एम्वुलेन्स चालक श्री कृष्ण कुमार राय लाई नियुक्ति गरेको छ । तर आम्दानी तर्फ एम्वुलेन्सको आम्दानी गरेको देखिदैन ।कार्यालयले एम्वुलेन्सको के कति आम्दानी भएको छ यकिन गर्नुपर्ने देखिन्छ । | |
| | **स्थानिय पूर्वाधारतर्फ** | |
| ८९. | **मिक्स गिट्टीः-** आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा २.५ प्रतिशतका दरले ढुवानी कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरेकोले नपुग १ प्रतिशत कर रकम असुल उपर गर्नुपर्ने रु | ४२२१८/- |

| भौ नं.मिति | पार्टिको नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| १/०७५-१२-२६ | उप्रेति सप्लायर्स | १८३३०००.०० | १८३३०.०० |
| २/०७५-१२-२६ | भपाई | ११७९५००.०० | ११८९५.०० |
| २/०७५-१२-२ | प्रभु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७९९५००.०० | ११९९३.०० |
| | **जम्मा** | **३८१२०००.००** | **४२२१८.००** |

| | | |
|---|---|---|
| ९०. | **मूल्य अभिबृद्धि कर**ः- सडक निर्माण गर्नेकाममा खोलाको ग्राभेल, वालुवा, ढुङ्गा सप्लाई बापत कार्यालयवाट दर बिश्लेषण गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरी दर निर्धारण गरेको छ । मूल्य अभिवृद्धि कर लाग्ने सामानको आपूर्ति गर्दा कानुनले तोके अनुसारको ढाँचाका कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । माथि उल्लेखित ३ सप्लायर्सले मूल्य अभिबृद्धि कर लाग्ने सामानको प्यान विल मात्र समावेस गरि रु ३८१२०००-/-कारोवार भएकोमा भ्याट दर्तावाला संग कारोबार नगरि प्यान विलको आधारमा उपभोक्ताको नाममा भूक्तानी भएको मूल्य अभिबृद्धिकर रकम अशुल गर्नु पर्ने रु. | ४३८५४९/- |
| | **शिक्षातर्फ** | |
| ९१. | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद ऐन २०६४अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यकमतर्फ निम्न विद्यालयलाई भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गर्नेगरी कार्यालयले उक्त कार्यको अनुगमन गर्नु पर्दछ । उक्त निर्माण कार्यको निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ८२०००००/- |

| भौ.नं. मिति | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| **८५**/०७६।२।१५ | मंगलसिह मा.वि. | ४ कोठे क्रमागत | १८०००००.०० |
| **८५**/०७६।२।१५ | आदर्श मा.वि. डाइनिया | ४ कोठे क्रमागत | १८०००००.०० |
| **२३**/०७६।३।२७ | नजामिया वहुमुखि आ.वि. | २ कोठे फर्निचर सहित | १६०००००.०० |
| **२३**/०७६।३।२७ | हरिश्चन्द्र गढी आ.वि. | २ कोठे फर्निचर सहित | १६०००००.०० |
| १२३/२०७६।३।२७ | गजाधर मा.वि. | पानि र सरसफाई सहितको शौचालय | ७०००००.०० |
| १२३/२०७६।३।२७ | विरेन्द्र मा.वि. अमरदह | पानि र सरसफाई सहितको शौचालय | ७०००००.०० |
| जम्मा | | | ८२००००० |

| | | |
|---|---|---|
| ९२. | **पोषाक भत्ताः- (२०७५।११३।३।२०)** कार्यालयले गजाधर मा.वि. का अवकाश प्राप्त अस्थायी शिक्षक वासुदेव सुतिहार लाई चैत्र महिनाको तलव भत्ता भुक्तानी गर्दा पोषाक भत्ता भुक्तानी भइसकेकोमा पुन पोषाक भत्ता भनी भुक्तानी गरेको देखिएकोले दाहोरो भुक्तानी रकम रु.१००००।- असुल गर्नुपर्ने रु . | १००००/- |
| ९३. | **निशुल्क पाठ्यपुस्तक-(१/०७३-६-१८)**कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५।०७६ मा प्रति बिद्यार्थी लागतको आधारमा कक्षा १-१० सम्म आधारभुत बिद्यार्थीका लागि निशुल्क पाठयपुस्तक उपलब्ध गराउने सम्भावित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरि एकिन संख्याको आधारमा दोस्रो चौमासिक भित्र पहिलो पटक निकासा गर्दा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत बिद्यार्थी भर्ना भएको विवरण पाठय पुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था उल्लेख छ । कार्यालयले मिति २०७६।११।२१ मा पाठ्य पुस्तक ७५ प्रतिशतले हुने रकम रु १८०४०१४।७५ निकासा गर्नुपर्नेमा कक्षा ८ को विद्यार्थि संख्या ८०७ राख्नुपर्नेमा ६-८ जम्मा विद्यार्थि संख्या २०८२ राखि रु २२,५५,३५३। निकासा गरेको छ । यसरी ७५ प्रतिशत निकासा हुनुपर्नेमा कार्यालयले ९३.७६ प्रतिशत निकासा गरेको देखिएकोले निर्देशिकाले गरेको व्यवस्था वमोजिम निकासा खर्च गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । वढी निकासा भएको रकम रु.४००४५२।७५ विल भर्पाई पेश गरि नियमित गर्नुपर्ने रु. | ४००४५२/- |
| ९४. | **सरुवा पछिको तलव भत्ताः-** कार्यालयले आदर्श मा.वि. मा कार्यरत शिक्षक उमेश कुमार पण्डितलाई २०७६ वैशाख सम्मको तलव भत्ता भुक्तानी दिनुपर्नेमा सरुवा पछिको अवधिको समेत तलव भत्ता निकासा भएकोले २०७६ जेष्ठ र अषाढ महिनाको रु ६३३९०। असुल गर्नुपर्ने रु | ६३९९०/- |
| ९५. | **सरुवा पछिको तलव भत्ताः-** कार्यालयले जनता मा.वि. मा कार्यरत शिक्षक श्री लोकवन्धु लाई २०७५मंसिर सम्मको तलव भत्ता भुक्तानी दिनुपर्नेमा सरुवा पछिको अवधिको समेत तलव भत्ता निकासा भएकोले २०७५ पौष, माघ र फाल्गुन पहिनाको रु ८४७५०। असुल गर्नुपर्ने रु. | ८४७५०/- |
| ९६. | **कार्यसम्पादनमा आधारितः-**विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकाङकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र प्राप्त प्रस्तावका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादन स्तरको मुल्यांकन गरी जिल्लाका लागि स्वीकृत कार्यक्रम अनुसार प्रति विद्यालय रु ५० हजारका दरले उत्कृष्ट सिकाई उपलब्धि अनुदान उपलब्ध गराउने त्यसैगरी अनुदान दिनुपुर्व विद्यालयले शिक्षण सिकाई समयमापन सम्वन्धि कार्यविधि लागु गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यसम्पादन स्तरको मुल्यांकन गरी निर्देशिकाले गरेको व्यवस्था बमोजिम रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्नेमा कार्यालयले यो वर्ष विद्यालयको कार्यसम्पादन स्तरको मूल्यांकन नै नगरी रु.५००००।- का दरले रु.४५००००।- भुक्तानी भएको रकम अनियमित देखिएको रु. | २५००००/- |
| ९७. | **उत्कृष्ट सिकाई उपलब्धिः-(२०७६।३।२७)**कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकांक आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र प्राप्त प्रस्तावका आधारमा उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान दिने व्यवस्था गरेको छ । उत्कृष्ट नतिजा हासिल गर्ने एक विद्यालयलाई एकमुष्ठ रु २०००००।- अनुदान रकम निकासा दिने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष उत्कृष्ट विद्यालय घोषणा गरेको छैन । उत्कृष्ट विदालयलाई प्राप्त रकम समेत कार्यसम्पादनमा आधारित विद्यालयलाई निकासा दिएकोले यसरी उत्कृष्ट विद्यालय घोषणा नगरि खर्च लेखेको रकम रु २०००००। असुल गर्नुपर्ने रु. | २०००००/- |
| ९८. | **दोहोरो अनुदानः-(२०७६।३।२७)**कार्यालयले मा.वि. वरङ्गा लाइ शिक्षण सिकाइमा ICT को प्रयोग का लागि रु ६५००००।-र पुस्तकालय स्थापना व्यवस्थापनमा रु. ६५००००।- गरि रु. १३०००००।- निकासा गरेको देखियो । कार्यालयले विगतमा यस प्रकृतिका अनुदान नपाएका विद्यालयको पहिचान गरी अनुदान दिनु पर्ने व्यवस्था निर्देशिकाले गरेकोमा एकै विद्यालयलाई कार्यालयले दुई वटा अनुदान रकम उपलव्ध गराएको छ ।निर्देशिकाको गरेको व्यवस्था वमोजिम निकासा र खर्चको व्यवस्था कार्यालयले गर्नुपर्ने देखिन्छ । | |
| ९९. | **विद्यालयगत निकासा कितावः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार | |

| | | |
|---|---|---|
| | प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले विद्यालयलाई निकासा दिएको रकमको विद्यालयगत निकासा किताव तयार गरेको देखिएन । कार्यालयले गोश्वारा भौचर साथ शिक्षकहरुको तलवि भपाई, वैंक पठाएको वैंक आदेश संलग्न गरेको देखिएन यसरी विद्यालयमा के कति शिक्षक छन् र जानुपर्ने रकम के कति हो सो विषयमा यकिन हुन सकिएन । कार्यालयले तलवि विवरण/विद्यालयगत निकासा किताव तयार गरि शिक्षकको निकासा दिने तर्फ ध्यान दिनु पर्दछ । | |
| | **कृषितर्फ** | |
| १००. | **घासको विउः-(३६/२०७६।१०।११)**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले वर्षिम घासको विउ ९०० के.जि.रु ६३०००।- मा खरिद गरेकोमा कार्यालयले जम्मा ८२९ के.जि. मात्र वितरण गरेकोले वाँकि विउको रकम रु.४९७०।- असुल गर्नुपर्ने रु. | ४९७०/- |
| १०१. | **कृषि सामाग्रीः-(१२९/२०७६।३।२७)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले तुलसी वहुमुखी सहकारी संस्था लि. वाट ५० प्रतिशत अनुदान मा रु २१००००।- को निम्नानुसार कृषि सामाग्रि खरिद गरेकोमा उक्त समानहरु वितरण नगरी स्टोरमा नै रहेको देखिएकोले यथासिघ्र वितरण गर्नुपर्ने देखिएको रु. | २२१२३७/- |

| सि.नं. | सामानको नाम | समानको परिणाम | रकम |
|---|---|---|---|
| १ | चापकटर | ७ सेट | ९४९२०.०० |
| २ | इन्डक्सन मोटर | ७ सेट | १०५०००.०० |
| ३ | पुल्ली | ७ पिस | ५४२४.०० |
| ४ | फिता | १०५फिट | १३१२४.०० |
| ५ | वेल्ट जोइन | १४ पिस | २७६९.०० |
| जम्मा | | | २२१२३७ |

| | | |
|---|---|---|
| | **पशुतर्फ** | |
| १०२. | कार्यालयले नश्ल सुधारका लागि कृतीम गर्भाधान कार्यक्रमको लागि तरल नाइट्रोजन विभिन्न मितिमा विभिन्न परिमाणमा खरिद गरेको तर उक्त कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको देखिदैन । खरिद भएको नाइट्रोजन के कति संख्यामा कृषकलाई वितरण भयो सो को यकिन हुन सकिएन । | |
| | **स्वास्थ्यतर्फ** | |
| १०३. | **न्यानो झोलाः-**नेपालमा नवजात शिशुको मृत्युको प्रमुख कारण मध्ये संक्रमण र सिताङ्ग भएकोले सो रोकथामका लागि आ.व. ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/ वितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । कार्यालयले यस कार्यक्रममा रु. ९९८९९।- खर्च गरेको छ ।कार्यालयले यो वर्ष खरिद गरेको सवै न्यानो झोलाखर्च देखाएको भएतापनी न्यानो झोला वितरणको भपाई पेश भएको छैन। निर्देशिकाले गरेको व्यवस्था बमोजिम स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था मिलाउने गरि रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्दछ । | |
| १०४. | **चर्मरोगः-(१२६/२०७६।३।२७)**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले चर्मरोग शिविर संचालन गरेको भनी रु.१५३०००।- खर्च भएकोमा शिविरमा वितरण गर्न भनी खरिद भएको औषधि वितरण नभएको शिविरमा के कति विरामी उपस्थीत भए सोको विवरण राखेको पाइएन । | |

| | | |
|---|---|---|
| १०५. | **विल भपाईः-(१२६/२०७६।३।२७)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अभिमन्यू दासको स्वास्थ्य सम्वन्धि विभिन्न कार्यक्रमको रु २६७५००।- पेश्की फछ्र्यौट गर्दा रु.२५१७७०।- को मात्र विल विजक पेश भएकोले नपुग रकम रु. १५७३०।- असुल गर्नुपर्ने रु. | १५७३०/- |
| | **पूजिगतर्फ** | |
| १०६. | **सडक वोर्डः-(१२९/२०७६।३।२७)** कार्यालयले डाइनिया अमरदह सडक मर्मत वापत श्री सुजन निर्माण सेवालाई यस बर्ष रु १४,९४,३३३।३२ भुक्तानी भएकोमा कार्यसम्पन्न रकम रु.३३,९६,२३८।१५ रहेको देखिन्छ । कार्यालयले व्यहोर्ने अंश सडक वोर्ड तर्फको रु.२५,०००००। मध्ये यस अघि भुक्तानी भएको रकम सम्वन्धमा कार्यालयले पुरानो नापि किताव पेश नगरेको कारणले यकिन गर्न सकिएन । | |
| १०७. | **विल पेश नभएको** : भ्रमण खर्च नियमावली, २०६४ अनुसार कुनै पनी पदाधिकारीले भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काज जान हुदैन भ्रमण खटिने पदाधिकारी वा कर्मचारी ले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल सम्वन्धीत कार्यालयमा पेश गनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीहरुकोभ्रमण आदेश स्वीकृत नगरि रु.१३२९६१।- अनुगमन भ्रमण खर्च भनी भुक्तानी भएको रकम अनियमित देखिएको रु. | १३२९६१/- |
| १०८. | कार्यालयले सोलार स्ट्रीट लाइट जडान गरेको भनी मेगाटेक बिराटनगरलाई रु ३५८००५।- र एशियन अल्ट्रा प्रा.लि.विराटनगर रु.२८९९९५।- भुक्तानी भएकोमा उक्त कार्यक्रमको लागत अनुमान स्वीकृत नभएको, प्राविधिक नांपजांच, कार्यसम्पन्न प्रतिवेदन, सो कार्यको सम्झौता आदी पेश हुन आएन । | |
| १०९. | **धरौटी रकमः-**१८/२०७६।३।१९ कार्यालयले केचना कन्स्ट्रक्सन प्रा.लि लाई ससर्त पूंजिगततर्फ भौचर नं १३९ बाट रु. २४३४३९५।- र वित्तिय समानिकरण पूंजिगतवाट रु. ११३८१९८।- जम्मा रु.३५७२५९३।- भ्याट वाहेक भुक्तानी भएकोमा कार्यालयले नियमानुसार भुक्तानीमा काट्नु पर्ने ५ प्रतिशत धरौटी रकम रु.१७८६३०।- कट्टा गर्नुपर्नेमा रु.१,२१,७२०मात्र कट्टा गरेकोले थप रकम रु. ५६,९१० कट्टी गरी दाखिला गर्नुपर्ने रु.... | ५६९१०/- |
| ११०. | **सुधारिएको चुल्होः-(२०/२०७६।३।२७)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सुतेरा इनर्जी प्रा.लि. बाट रु ५००००।- को ९ थान चुल्हो खरिद भएकोमा उक्त चुल्हो लेखापरीक्षणको अवधि सम्म वितरण भएको नदेखिएको रु. | ५००००/- |
| १११. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ९ अनुसार तपसिलका कर्मचारीलाई उपलब्धगराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएको रकम असुल फछ्र्यौट गर्नुपर्ने रु | ८७५०००/- |

| सि.नं. | पेश्की लिनेको नाम | कार्यक्रम | पेश्की रकम |
|---|---|---|---|
| १ | यो.अधिकृत नामनारायण मण्डल | ससर्त पूंजिगततर्फ | १००००.०० |
| २ | क.अ. प्रभुनाथ झा | ससर्त पूंजिगततर्फ | १५००००.०० |
| ४ | सि.अ.हे.व. चन्द्रवहादुर राजवंशी | स्वास्थ्यतर्फ | १५००००.०० |
| ५ | पदम विनोद घिमिरे | विपद् कोष (खुला दिशा मुक्त) | १०००००.०० |
| ६ | सि.अ.हे.व. अभिमन्यु दास | स्वास्थ्यतर्फ | ४१८०००.०० |
| ७ | खरिदार मेलिना कार्कि | स्वास्थ्यतर्फ | ४५०००.०० |
| ८ | रंजित कुमार झा | स्वास्थ्यतर्फ | २०००.०० |

| | | |
|---|---|---|
| | जम्मा ८७५०००.०० | |
| | **झोलुङ्गे पुलतर्फ** | |
| ११२. | **झोलुङ्गे पुलः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले डांस खोला झोलुङ्गे पुल निर्माण कार्यका लागि भौचर नं १ वाट रु २५४४८।- विमा वापतको रकम भुक्तानी भएकोमा पुन भौचर नं. ३ मा रनिङ्ग विलमा समेत राखि रु.२५४४८।- र विजक पेश नभएको रु.६०६६।- गरी जम्मा रु.३१५१४।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रु.३१५१४।- असुल गर्नुपर्ने रु. | ३१५१४/- |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ११३. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गांउकार्यपालिकाको सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता  पेश्की दिएकोमा पेश भएको भुक्तानी अभिलेख र भरपाईहरु लाई भिडाउदा फरक देखिएका विषयमा देखिएका व्यहोरा निम्नानुसार रहेको छः- | |
| ११४. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७५/०७६ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिई भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ । | |
| ११५. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS)मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । कार्यालयले MISअभिलेख तयार गरेको देखिएन । | |
| ११६. | सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस गाँउपालिका अर्न्तगतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको ल्याप्चे लगाएको भर्पाई पेश गरी पेश्की फछ्यौट गरेकोमा नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक व्यक्तिको नागरिकता नम्बर अनिवार्यरुपमा उल्लेख गनुपर्ने देखिन्छ । | |
| ११७. | **सामजिक सुरक्षा फिर्ताः**- कार्यालयले बैंक मार्फत तेश्रो चौमासिक सामजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । वैंकहरुमा गएको निकासा रकम मध्ये खर्च भइ वाँकी रहेको रकमको आ.व.को अन्त्यमा संघिय संचित कोषम फिर्ता गर्नु पर्नेमा सो रकम फिर्ता भएको छैन । वैंकमा आ.व.२०७५।०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरी वांकी रहेको रकम मितेरी डेभलपमेन्ट वैंक अमरदह मा रहेको रु ८०००।- , सेन्चुरी कर्मसियल वैंक रंगेली शाखा मा रहेको रु १२०००।- र सिभिल वैंक सुनवर्षि शाखा मा रहेको रु ७८०००।-  वितरण गरी वांकी रहेको रकम रु ९८०००।- संघिय सचित कोषमा फिर्ता गर्नुपर्ने रु | ९८०००/- |
| ११८. | **एकै व्यक्तिको भर्पाइः-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ । कार्यालयले दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ ।नगरपालिकाले वडा नं ९ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एकल महिला सि.नं.५७,९४ र जेष्ठ नागरिक सि.नं. ९,१३,३०,९०,१०२,१७७ को भत्ता रु ६००००। वडा अध्यक्ष कमल किशोर सिंह ले बुझेको पाइएकोले सम्वन्धित व्यक्तिले नै भत्ता वुझेको होभनी एकिन हुन नसकेकोले सम्वन्धितले वुझेको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ६००००/- |

| | | |
|---|---|---|
| ११९. | कार्यालयले सामाजिक सुरक्षातर्फ निम्नानुसार विल भर्पाइ भन्दा वढी पेश्की फछ्र्यौट गरेको रकम सम्विन्धित वाट असुल फछ्र्यौट गर्नुपर्ने रु | २०३८००/- |

| वडा नं. | चौमासिक | भर्पाइ पेश रकम | खर्च रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | पहिलो चौमासिक जेष्ठ नागरिक | १७०४०००.०० | १७१२०००.०० | ८०००.०० |
| ३ | दोश्रो चौमासिक जेष्ठ नागरिक | ८३२०००.०० | ८४००००.०० | ८०००.०० |
| ४ | पहिलो चौमासिक | २८३४६००.०० | २८३७६००.० | ३०००.०० |
| ५ | दोश्रो चौमासिक दलित वालवालिका | १८४८००.०० | १८८८००.०० | ४०००.०० |
| ८ | पहिलो चौमासिक | २५०१६००.०० | २५२१६००.०० | २००००.०० |
| ९ | पहिलो चौमासिक | ३३८९६००.०० | ३३२९६००.०० | ६००००.०० |
| ९ | दोश्रो चौमासिक | ३६४६४००.०० | ३५४५६००.० | १००८००.०० |
| **जम्मा** | | **१५०९३०००.०** | **१४९७५२००.०** | **२०३८००.००** |

| | | |
|---|---|---|
| १२०. | **दोहोरो भुक्तानीः**- वडा नं. ६ प्रथम चौमासिक समाजिक सुरक्षा भत्ता वितरण गर्दा जेष्ठ नागरिक दलिततर्फ सि.नं. २२ र २३ मा जगदिश ऋषिदेवको नागरिता नं.र जन्म मिति एकै रहेकोले उक्त व्यक्तिहरुलाई भुक्तानी भएको रकम रु ४०००।- दोहोरो देखिएकोले असुल गर्नुपर्ने रु. | ४०००/- |
| १२१. | **धरौटी फिर्ताः** सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छेद १२ को १२.५ (ङ) (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयवाट भुक्तानीमा कट्टा भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश भए पछि मात्र धरौटी फिर्ता गर्नु पर्ने देखियो । | |
| १२२. | **राजस्वको लेखाङ्कन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धि व्यवस्था रहेको छ । नियम ९ मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राही बाट सोझै बैकमा जम्मा भई प्राप्त हुन आएको बैक भौचर र कार्यालयले नगद संकलन गरी बैक दाखिला गरेको बैक भौचर समेतको सम्बन्धित खातामा प्रविष्टि गरी श्रेस्ता राख्नुपर्नेछ । बेरुजु रकम नगद असुल भएमा बेरुजु कायम भएको कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरिएको बैक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी नगदी रसिद प्रयोग भएकोमा रसिद नियन्त्रण खाता राखि सोही अनुसार रसिदको आम्दानी खर्च लेख्नुपर्नेमा कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । कार्यालयले यो वर्ष राजस्व तर्फ गोश्वरा भौचर उठाई बैक नगदी किताब तयार गरेको छैन, लेखा राखेको छैन । कार्यालयले नियममा भएको व्यवस्थाको पालना गरी राजस्वको लेखा राख्नु पर्दछ ।<br>**यो वर्ष कार्यालयको आन्तरीक आयको वडा नं. ४ को आम्दानी परीक्षण भिडान गरिएको छ ।**<br>**वाडा नं. ८ को दाखिला रकम रु ३४२५२०1० रहेकोमा कुन रसिद वाट केकति आम्दानी भएको हो यकिन हुन सकेन कार्यालयले उक्त वडामा खर्च भएका रसिदहरुको आम्दानी यकिन गरी असुलफछ्र्यौट गर्नुपर्ने देखिन्छ ।** | |
| १२३. | वडा कार्यालयहरुको दैनिक संकलन विवरण अनुसार निम्नानुसारका वडाको आम्दानी अनुसारको रकम दाखिला भएको नदेखिएकोले आम्दानी रकम दाखिला गर्नुपर्ने रु | १४६६२६४/- |

| सि.नं. | वडा.नं. | आम्दानी | दाखिला | दाखिला हुन वांकी रकम |
|---|---|---|---|---|
| १ | २. | ८६२३२०.३३ | २६६८८५.०० | ५९५४३५.३३ |
| २ | ७ | ९४४३०९.१६ | ७३८४०.०० | ८७०८२९.१६ |
| **जम्मा** | | **१८०६६२९.४९** | **३४०७२५** | **१४६६२६४.४९** |

१२४. **आन्तरिक लेखापरीक्षण :** स्थनीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) अनुसार स्थानीय तहले आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराई उपदफा ३ बमोजिम आन्तरिक लेखापरीक्षणबाट औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। कानूनले तोकेको समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी अन्तिम लेखापरीक्षण प्रारम्भ हुनु अगावै प्रतिवेदन कार्यान्वयन गर्नु पर्नेमा नगरेकोले अन्तरिक लेखापरीक्षणले उल्लेख गरेको वेरुजु समेत असुल फछ्यौट हुनु पर्दछ।

**बेरुजू संपरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ र २० अनुसार बेरुजूको लगत राख्ने र फछ्यौंट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु. १,६२,५५,६००/-पेश गरेकोमा रु.१,६२,३६,८००/-को सम्परीक्षण गरी जानकारी दिईएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ । बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| दफा नं. आ.व. | व्यहोरा | रकम |
|---|---|---|
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | २३८२०००.०० |
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | २३८२०००.०० |
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | २५१९२००.०० |
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | २९०२०००.०० |
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | २९०२०००.०० |
| ३९/२०७४।७५ | सम्वन्धित व्यक्तीले भत्ता वुझेको प्रमाण पेश | ३१६८४००.०० |
| | **जम्मा** | **१६२५५६००.००** |

**सम्परीक्षण वाट कायम वेरुजु:-**यस नगरपालिकाको निम्नानुसारका वडाको आर्थिक वर्ष २०७४।७५को सम्परीक्षण हुदा रकम रु.१४५६००/- असुल उपर हुनुपर्ने देखिएकोले वेरुजु खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. १४५६००/-

| वडा नं. | पेश्की लिनेको नाम | २०७४।०७५वेरुजु रकम | फछ्यौंट रकम | २०७५।७६ कायम |
|---|---|---|---|---|
| ८ | पदम विनोद घिमिरे | २३८२००० | २३४६००० | ३६००० |
| ८ | कर्ण वहादुर सिंह | २५०८८०० | २४७२८०० | ३६००० |
| ८ | कर्ण वहादुर सिंह | २५१९२०० | २४६५६०० | ५३६०० |
| ९ | पदम विनोद घिमिरे | २९०२००० | २८८२००० | २०००० |
| | जम्मा | १०३१२००० | १०१६६४०० | १४५६०० |

**बेरुजू** - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.७७ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु १ करोड ३५ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड २८ लाख ३८ हजार र पेश्की रु.१८ लाख ५ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. १ करोड ८ लाख १० हजार फछ्यौंट भइ रु. ३ करोड ५१ लाख ४८ हजार बेरुजू कायम भएको छ ।

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौंट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्यौंट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) | यो वर्ष फछ्यौंट (रु) | बाँकी |
|---|---|---|
| ११६८८६ | १६२५५ | १००६३१ |

**अद्यावधिक बेरुजू स्थिति :** सुनवर्षि नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. | यो वर्षको कायम बेरुजू रु. | बाँकी |
|---|---|---|---|
| १००६३१ | १४५ | ३५१४८ | १३५९२४ |

अनुसूची- १

# सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुनवर्षि न.पा. | मोरङ्ग | ५५०१० | १५१५९९ | ३२७३९९ | १८५७३ | ४९७५७१ | २२६२३१ | ४२२७३ | २७७३८२ | ५४५८८६ | ६६९५ |

अनुसूची- २

# सुनवर्षि नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.न. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मोरङ्ग | सुनवर्षि न.पा. | ५७ | ७४ | ४५९५८ | ३ | २ | १०८१० | ५४ | ७३ | ३५१४८ | ७७०८ | १३५१५ | १२१२० | ० | ० | ३६३५४ | १८०५ | ० | १८०५ |

अनुसूची- ३

# अद्यावधिक बेरुजु स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुनवर्षी न.पा. | मोरङ्ग | ११६८८६ | १६२५५ | १००६३१ | १४५ | ३५१४८ | १३५९२४ |